वर्ष : १५, अंक : ३५, काठमाडौं, २०७६ पुस ११ गते शुक्रबार, 27 December 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।**

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

**मधेश मिडिया हाउस**

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## 'राजपाको माग पूरा भयो'

काठमाडौं । समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले सरकारबाट बाहिरिएर राष्ट्रिय जनता पार्टी नेपालको माग पूरा गरिदिएको बताएका छन् । एकताका लागि राजपाको मुख्य माग सरकारबाट बाहिरिनुपर्ने नै रहेकोले त्यो पूरा भएको उनले दाबी गरे । राजपा अब एकताका लागि कति इमान्दार छ त्यो हेर्न बाँकी रहेको अध्यक्ष यादवले बताए । एकताका लागि लगभग सबै कुरा मिलिसकेको र मुख्य माग समाजवादीले पूरा गरिसकेको अवस्थामा अब छिट्टै एकता घोषणा हुने उनले विश्वास व्यक्त गरेका छन् । अब राजपा सरकारमा जाने तर्खरमा रहेको भन्ने सञ्चारकर्मीहरूको जिज्ञासामा अध्यक्ष यादवले भने, 'राजपाले आत्मघाती कदम चाल्दैन भन्नेमा मेरो विश्वास छ ।' सरकारमा रहेसम्म एकता हुनै नसक्ने भन्दै आएको राजपाले यस्तो कदापि पनि चाल्दैन भन्ने दावा अध्यक्ष यादवले गरेका छन् ।

## शासक र मधेशी दलले धोका दिए : राउत

रौतहट । जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले जनताको सम्प्रभुता लागि जनमत पार्टीको विकल्प नरहेको बताएका छन् । जनमत पार्टीको मुस्लिम जनमत सङ्घले सोमबार रौतहटको गौरमा आयोजना गरेको बृहत् आमसभालाई सम्बोधन गर्दै अध्यक्ष राउतले शोषित, उत्पीडित र गरिब वर्गको उत्थान तथा सामाजिक न्यायका लागि पार्टीका स्थापना भएको बताए । अध्यक्ष राउतले गरिब धनी सबैको सामाजिक न्यायका लागि पार्टी सदैव अग्रसर हुने प्रतिबद्धता व्यक्त गरे । अध्यक्ष राउतले मधेशी जनतालाई शासक र मधेशवादी दलले धोका दिएको दाबी गर्दै पदका लागि पटकपटक शासकसँग सम्झौता गने मधेशवादी दलले मधेशीको हक अधिकार सुनिश्चित गर्ने भ्रममा नरहन र त्यस्ता पार्टीसँग सचेत रहन आग्रह पनि गरे ।

## प्रदेशसभा बैठक १४ गते

जनकपुरधाम । प्रदेश २ को प्रदेशसभा बैठक आगामी १४ गते बस्ने भएको छ । कार्यव्यवस्था परामर्श समितिले पुस १४ गते बैठक बोलाउन निर्णय गरेपछि करिब डेढ महिनापछि प्रदेशसभाको बैठक बस्न लागेको हो । यसअघि प्रदेशसभाको पछिल्लो बैठक कार्तिक २९ गते बसेको थियो । अर्को सूचना नआएसम्मको लागि स्थगित गरिएपछि प्रदेशसभा बैठक बस्न सकेको थिएन ।

# पहिले मुद्दा विसर्जन, अहिले सत्ता

## न संशोधन नै भयो न त एकीकरण, राजपाले के गर्ला ?

मधेशवाणी डेस्क

काठमाडौं । उपेन्द्र यादव नेतृत्वको समाजवादी पार्टी सरकारबाट बाहिरिएको छ । पार्टी अध्यक्षसमेत रहेका उपप्रधान एवम् कानुनमन्त्री उपेन्द्र यादवले मन्त्रिपरिषद् बैठकमा संविधान संशोधनका लागि लगेको ठाडो प्रस्ताव प्रधानमन्त्री केपी ओलीले अस्वीकृत गरेपछि समाजवादी पार्टी सरकारबाट बाहिरिएको हो । यादवले सरकारको नेतृत्व गरिरहेको दल नेकपासँग परामर्श नगरी मन्त्रिपरिषद् बैठकमा प्रस्ताव लगेका थिए ।

'संविधानका कतिपय व्यवस्था मस्यौदाका दृष्टिले परिमार्जन गर्नुपर्ने वा कतिपय व्यवस्थामा रहेको अन्तरविरोध मिलाउनुपर्ने भएको छ', उपेन्द्र यादवको प्रस्तावमा भनिएको छ, 'यिनै विषयमा सम्बोधन हुने गरी संवैधानिक कानुनविज्ञबाट नेपालको संविधानमा संशोधन, परिमार्जन र सुधार गर्नुपर्ने विषयमा अध्ययन गराई प्रक्रिया अघि बढाउनुपर्ने अवस्था देखिएकाले नेपालको संविधानमा गर्नुपर्ने सुधार र संशोधनका विषय चहिचान गरी संशोधनका मस्यौदा पेस गर्न एक विज्ञ समिति गठन गर्न आवश्यक छ ।'

प्रधानमन्त्रीले प्रस्ताव लैजाने प्रक्रिया र विधिमाथि प्रश्न उठाउँदै अस्वीकार गरेपछि अन्ततः समाजवादी संसदीय दलको बैठक बसेर सरकारबाट बाहिरिने निर्णय गरेको हो । समाजवादीले २०७५ जेठ १४ मा भएको दुईबुँदे सहमतिअनुसारको संविधान संशोधन प्रस्तावमा सत्ताधारी दल नेकपा असहमत रहेको निष्कर्ष निकलेको छ ।

पूर्वसहमतिअनुसार संविधान संशोधनमा प्रधानमन्त्री उदासीन देखिएपछि आफूहरू सरकारबाट बाहिरिने निर्णयमा पुगेको समाजवादीले जनाएको छ । सरकारबाट बाहिरिने



*२०७५ जेष्ठ १४ गते तत्कालीन ससफो नेपाल, एमाले र माओवादी केन्द्रबीच भएको दुईबुँदे सहमतिपत्रमा हस्ताक्षर गर्दै बायाँबाट क्रमशः केपी ओली, प्रचण्ड र उपेन्द्र यादव ।*

निर्णय गरे पर्िउपप्रधानमन्त्री यादव र सहरी विकासमन्त्री मोहम्मद इस्तियाक राई आआफ्नो पदबाट राजीनामा पनि गरेका छन् । तत्कालीन संघीय समाजवादी फोरमले प्रधानमन्त्री केपी ओली र पुष्पकमल दाहालसँग संविधान संशोधनसहितको दुईबुँदे सहमति गरेर सरकारमा गएको थियो । सरकारमा अध्यक्ष यादव तेस्रो वरीयताका उपप्रधान तथा स्वास्थ्यमन्त्री बने भने इस्तियाक राई सहरी विकासमन्त्री र अर्का नेता डा. सुरेन्द्र यादव स्वास्थ्य राज्यमन्त्रीमा नियुक्त भए ।

पार्टी सरकारमा गए पनि उसले गरेको सहमतिअनुसार माग पूरा हुन सकेन । त्यसपछि अध्यक्ष यादवलाई पार्टीभत्रैबाट सरकारबाट बाहिरिन दबाब बढिरह्यो । तर यादवको चाहना सरकारकै बसौं भन्ने थियो । २०७५ पुस २१ गते संविधान संशोधनलगायतका माग पूरा गर्न दबाब दिनकै लागि अध्यक्ष यादवको नेतृत्वमा एउटा टोलीले प्रधानमन्त्री ओलीलाई ज्ञापनपत्र बुझायो । प्रधानमन्त्रीले प्रतिक्रिया नदिएपछि अध्यक्ष यादवमाथि आन्तरिक दबाब बढ्यो ।

गत वैशाखमा तात्कालीन संघीय समाजवादी फोरमले डा.बाबुराम भट्टराई नेतृत्वको नयाँशक्ति पार्टीसँग एकता गऱ्यो । एकता पछि भट्टराईले यादवमाथि सरकार छाडन् दबाब दिन थाले । तर त्यतिबेलासम्म पनि यादव सरकारबाट बाहिरिन चाहेका थिएनन् ।

## ओलीभन्दा समाजवादीले मधेशीलाई मुर्ख ठान्यो

: जयप्रकाश गुप्ता



अन्तर्वार्ता पृष्ठ ३ मा

सत्ताबाट बाहिरिने योजना नहुँदानहुँदै पनि सरकारको एउटा कदमप्रति समाजवादीका अध्यक्षसमेत रहेका यादवको चित्त दुख्यो । मंसिर ४ गते थाहै नदिएर आफूलाई स्वास्थ्यबाट कानुन मन्त्रालयमा सारिदिएपछि उनी असन्तुष्ट बने । तर पनि उनी सरकार छाड्न चाहेनन । मन्त्री हेरफेर भएपछि समाजवादीले राष्ट्रिय जनता पार्टी (राजपा) सँग एकता प्रक्रियाअघि द्रुत गतिमा अघि बढाउने प्रयास गऱ्यो तर त्यसले मूर्तरूप नलिदै राजपा र नेकपाबीच भएको दुई बुँदे सहमतिबाट यादव फस्किए ।

राजपा र नेकपाको तालमेलले समाजवादीलाई संशकित बनायो । त्यसपछि पार्टीको सहमति लिएर अध्यक्ष यादवले प्रधानमन्त्रीसमक्ष संविधान संशोधनको प्रस्ताव राखे । उक्त प्रस्ताव प्रधानमन्त्रीले अस्वीकार गरेपछि समाजवादीका मन्त्री सरकारबाट निस्किए ।

**मधेशलाई फाइदा !**

उपेन्द्र यादवको १९ महिने सत्तायात्राको विश्लेषण पनि हुन थालिएको छ । वस्तुतः उपेन्द्र यादवको सत्तारोहण तथा सत्ताबाट बहिर्गमनले मधेशमा खासै केही असर नपरे पनि राजनीतिक वृतमा यसले केही गम्भीर सवालहरू पनि पैदा गरेको छ । किनभने उपेन्द्र यादवलाई सरकारमा किन गएको सावित गर्न बाँकी नै छ । वास्तवमा यादव व्यक्तिगत रूपमा सत्तामा हुँदा प्राप्त गरिरहेका मन्त्रीको सुख, गाडी, झण्डाको प्रयोग गर्नबाट भने वञ्चित हुन पुगेका छन् ।

मधेशका जनतालाई कुनै उपलब्धी दिलाउन नसकेपनि सत्तामा गएर व्यक्तिगत रूपमा उनले लाभ लिन भने सफल भएका छन् । वास्तवमा उपेन्द्र यादवको सत्तारोहणबाट मधेशी जनताले कुनै लाभ लिन पाएनन । सत्तामा गएर पनि संविधान संशोधन गराउन नसकेको र सरकारमा भएर पनि विकास निर्माण समेत गराउन नसकेका आोप यादवमाथि सधैं लागिरहने छ । अहिले विगतभन्दा उपेन्द्र यादवको लोकप्रियतामा आँच मात्रै आएको नभइ निकै तल पनि झरेकोछ ।

२ बुँदे सहमति गरेर उनी सरकारमा जाँदा व्यक्तिगत रूपमा उनले लाभ लिन पाएको भएपनि मधेशका जनताले कुनै लाभ लिन सकेनन । संविधान संशोधन गराउँछु नै र नेकपाले गर्छ नै भन्ने कुराको यकिन पहिले

*बाँकी अन्तिम पृष्ठमा*

## दुई हजार चिनियाँ अपराधी नेपालमा !

काठमाडौं । राजधानीका विभिन्न स्थानबाट १ सय २२ जना सीमापार आर्थिक अपराधमा संलग्न चिनियाँ नागरिक पक्राउ गरेको नेपाल प्रहरीले २ हजार बढी आर्थिक अपराधमा संलग्न चिनियाँ अपराधी नेपालमा रहेको सूचना पाएको छ । चीनबाट आएको विशेषज्ञ टोलीको विशेष सूचना र सहयोगमा १ सय २२ जनालाई सोमबार राजधानीका मनमैजु, महाराजगन्ज र बूढानीलकण्ठबाट सीआईबी, काठमाडौं प्रहरी र अपराध महाशाखाको संयुक्त टोलीले पक्राउ गरेको थियो । प्रहरी स्रोतका अनुसार चिनियाँ विशेषज्ञ टोलीले अझै २ हजार चिनियाँ नागरिक आर्थिक अपराधमा संलग्न रहेर नेपालबाट चीनमा आर्थिक अपराधका घटना गराइरहेको सूचना नेपाल प्रहरीलाई दिएको छ । उनीहरू राजधानीका काठमाडौं, भक्तपुर र ललितपुरसहित पोखरा, चितवन र लुम्बिनी आसपास रहेको अनुमान छ । बैंक ह्याकिङ प्रकरणमा चिनियाँ नागरिक पक्राउ परेपछि करिब दुई साता अघिदेखि तीन दर्जन चिनियाँ विशेषज्ञ अनुसन्धानको टोली नेपालमै बसेर आफ्ना नागरिकको गतिविधिमाथि निगरानी गरिरहेको छ । पक्राउ परेकाहरूले अनलाइनमार्फत चीनमा जुवा खेलाउने, अनलाइनमार्फत नै युवतीका अश्लील तस्बिर र भिडियो देखाउनेदेखि बैंकको एकाउन्ट ह्याक गरेर पैसा निकाल्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

## माघ २ देखि छोरी बीमा सप्ताह

जनकपुरधाम । प्रदेश २ सरकारले बेटी पढाउ बेटी बचाउ कार्यक्रमअन्तर्गत सञ्चालनमा ल्याएको छोरी शिक्षा बीमालाई व्यापक बनाउँदै जनस्तरसम्म पुऱ्याउन छोरी बीमा सप्ताह सञ्चालन गर्ने भएको छ । गत वर्ष माघ १ गते यता प्रदेशमा जन्मेका छोरीहरूको शिक्षाका लागि बीमा गर्ने सरकारले घोषणा गरे पनि कर्मचारी अभाव लगायतको कारणले सोचेअनुरूपको बीमा हुन नसकेपछि प्रदेश सरकारले प्रत्येक स्थानीय तहमा शिविर संचालन गरी उनीहरूको घरदैलोमै पुगी बीमा लगायतको अन्य सुविधा प्रदान गर्नेगरी सप्ताह मनाउने निर्णय गरेको छ । माघ २ गतेदेखि प्रदेशको आठवटै जिल्लामा शिविर संचालन गरिने बेटी पढाउ बेटी बचाउ अभियानका संयोजक प्रियंका यादवले बताइन् । उक्त शिविरमा शिक्षा बीमाका साथै छोरीहरूको स्वास्थ्य जाँच, निःशुल्क औषधी वितरण सहितका कार्यक्रम समेत गरिने जनाइएको छ । माघ २ गतेदेखि सुरू हुने छोरी बीमा सप्ताह सबै स्थानीय तहमा पुगी सम्पन्न हुने छन् । यस अभियानले विभिन्न कारण बीमा गराउन नसकेका छोरीहरूलाई समेटिदै पछिल्लो एक वर्षभित्र जन्मेका छोरीहरूको बीमा शतप्रतिशत पुऱ्याउने लक्ष्य लिएको जनाइएको छ ।




समय सन्दर्भ

सरोज मिश्र



## मधेशलाई ओलीबाट खतरा

हालको अवस्थामा समाजवादीले राजपालाई जसो तसो मनाएर पार्टी एकीकरण गरी संघर्ष गर्नु आवश्यक देखिन्छ र राजपालाई पनि यो दूर दृष्टि राखी समाजवादीको विगतको गल्तीलाई नजरअंदाज गर्नु आवश्यक छ ।

हुन त उपेन्द्र यादव प्रथम मधेश आन्दोलनबाट जन्मेका नेता हुन । बाऊ, बाजेको पृष्ठभूमिबाट पक्कै पनि आएका होइनन । उनी नितान्त मधेशको समस्या, मधेशीको पीडा, मधेशप्रति सरकारको सौतेनी व्यवहार हेरेर एउटा साधारण मास्टरको जागीर खाने गुरूजी प्रथम मधेश आन्दोलनका नायक बन्न पुगे । त्यति खेर तिनले आफ्नो सम्पूर्ण स्वार्थ त्याग गरेर मधेशको बिडम्बना र पीडाको उत्थान गरी, आन्दोलनको बिगुल बजाई परमार्थ हासिल गर्न खोजेके थिए ।

आफूले गरेको लामो त्याग, तपस्या र बलिदानको कदर आफैले नगर्नु र आफ्नो मेहनत लाईस्वार्थमा परिणत गर्नु अर्थात पदको लोभमा परेर सम्पूर्ण पीडा बिर्सनु नै मुर्खता थियो । पहिलो संविधानसभाको निर्वाचन पस्चात परराष्ट्र मन्त्रालय सम्हालेर ऐश मौज र सम्पति अर्जन गर्नुको साटो मधेश मुद्दामा अडिग भएर लडेको भए आज यो बेइज्जति पक्कै पनि हुने थिएन । सिलसिलेवार ढङ्गले त्यति खेर पनि उनले आफ्नो अपरिपक्कता देखाएकै कारण विभिन्न मञ्चबाट आफू संविधानसभाका प्रतिनिधि नभई मन्दिरको गेट अगाड़ी जुत्ता चप्पल खोलेर भित्र जाने दर्शनार्थीहरूको जुत्ता चप्पल जस्तै रहेको महसुस हुँदैछ भन्ने खालका अभिव्यक्ति दिएर जनतालाई सेन्टिमन्टल बनाउन सफल हुने गर्थे र फेरी आफ्नो निहित स्वार्थ पूर्तिका निमित लागि पर्थे । शायद ती गल्ती र यस्ता तुक्ष अभिव्यक्तिहरू आज उनलाई स्मरण नहुन पनि सक्छ होला । मधेशी जनताले त्यति खेर पनि सम्पूर्ण परिस्थितिमा साथ दिएकै थिए ।

आजको घटना कुनै अलौकिक होइन । जति खेर पनि उनी सरकार छाड्ने धम्की र मधेश मुद्दाबाट आफू र आफ्नो पार्टीलाई टाढा गर्दै गए, जनताको नज़रमा खस्कदै गए । ओलीले मूल्यांकन गर्न सम्म गरे र उपेन्द्रको मानमर्दनलाई कायम राख्दै भारत भ्रमणमा हुँदा पदोन्नतिको साटो पद घटुवा गरियो तर उपेन्द्र सत्ताको मतियार छु भन्दै सिद्ध गरी सहर्ष स्वीकार गरे तर बिना कुनै क्रिया प्रतिक्रिय त्यसैको उपज हो । आज उनले गेट आउट र शट अप जस्तो शब्द सुनेर चुपचाप सरकारबाट राजीनामा दिनु पर्ने अवस्था आयो ।

मधेशवादी दलका अध्यक्ष जस्तो गरिमामय पद धारण गरेका व्यक्तिसँगको यस्तो व्यवहारलाई मधेशी जनताले पछाउन न सकेर नै विभिन्न व्याख्या र टीका टिप्पणी गर्दै आफ्नो आक्रोश र समग्र मधेशवादको बेइज्जती महसुस गर्दै छन् । यस मौकाको बाध्यात्मक परिस्थिति कसरी र किन बन्न पुगेको हो त्यस माथि विचार गर्नु आवश्यक देखिन्छ ।

ओलीले एउटा छोरालाई त्याग गरेर अर्कोलाई काखमा लिन सफल भएकै छ । आलो पालो दुबैलाई मधेशी जनता समक्ष बदनाम गरेर छाड़ने आफ्नो लक्ष्यको धेरै नजिक पुगिसकेका राजनीतिक खेलाड़ी ओलियन वास्तवमा भन्ने हो भने आफ्नो संविधान संशोधन र मधेश विरूद्धको मुद्दामा हाल सम्म कायम र इमानदार रहेको प्रष्ट देखिन्छ ।

आज समाजवादीसँग भएको व्यवहार राजपासँग नहुने कुनै ग्यारेन्टी छैन तसर्थ यस अवस्थामा

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

# “चिनियाँ” अपराध

काठमाडौँका विभिन्न क्षेत्रबाट १२२ जना चिनियाँ नागरिक पक्राउ परेका छन् । प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो, महानगरीय अपराध नियन्त्रण महाशाखा र महानगरीय प्रहरी परिसरको संयुक्त टोलीले उनीहरूलाई कोठमाडौँको विभिन्न क्षेत्रबाट पक्राउ गरेको हो ।

उनीहरू संस्थागत रूपमा घर भाडामा लिएर गैरकानूनी कार्य गरेको आरोपमा पक्राउ परेका हुन् । प्रहरीले उनीहरूलाई पक्राउ गर्न झण्डै तीन महिनाको समय लगाएको छ । एकै दिनमा यति धेरै संख्यामा विदेशी नागरिक पक्राउ गरेको यो पहिलो हो । यसअघि बैंकको एटिएम ह्याक गरेको आरोपमा सातजना चिनियाँ पक्राउ परेका थिए भने अन्य विभिन्न घटनामा पनि केही चिनियाँ नागरिक पक्राउ परेका छन् । उनीहरूले केही न केही गलत क्रियाकलाप गरिरहेको निष्कर्षका साथ पक्राउ गरिएको प्रहरीको भनाइ छ । उनीहरू नेपाल बसेर अनलाइनमार्फत अश्लिल हर्कत गर्ने, अनलाइन जुवा खेलाउनेदेखि बैंक ह्याकिङ्मा संलग्न भएको पाइएको छ ।

नेपालमा अपराध गर्ने विदेशीविरूद्ध सञ्चालित यो नै अहिलेसम्मको ठूलो घटना हो । यस घटनाले नेपाल विस्तारै अन्तर्राष्ट्रिय अपराधीका लागि सुरक्षित गन्तव्य बन्न थालेको प्रस्ट हुन्छ । दक्षिण अमेरिकी, अफ्रिकी, भारतीय, बंगलादेशी,

**नेपालमा चिनियाँहरूले नेपाली समाजलाई कसरी प्रदूषित गरिरहेको छ त्यसको यो उदाहरण हो ।**

पाकिस्तानी, कतिपय युरोपेली, क्यानाडाली र अमेरिकी नागरिकसमेत लागुऔषध, आखेटोपहार, बाल यौन दुराचार, विदेशी मुद्रा कारोबारलगायत अपराधमा नेपालमा समातिने क्रम बढ्दै गएको सूचनाले पनि नेपाल अपराध जगतका लागि सुरक्षित र सुरक्षाका दृष्टिले बद्नाम मुलुकमा फेरिँदै गएको देखिन्छ । यसले एकातिर नेपाली सुरक्षा निकायको क्षमता र सक्रियताबारे शंका गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

नेपालमा चीनका नागरिकको आगमन बढेसँगै पछिल्लो समय आपराधिक गतिविधिमा चिनियाँहरूको संलग्नता पनि वृद्धि भएको देखिन्छ । तसर्थ नेपाल आउने चिनियाँहरूको गतिविधिबारे सरकारले आवश्यक सावधानी अपनाउन आवश्यक छ । नेपालको पर्यटन क्षेत्रमा चिनियाँ पर्यटकको आवगमनले कायापलट ल्याउन सक्नेमा शंका छैन तर यही बुझेरै नेपालले उनीहरूलाई निःशुल्क ‘अन अराइवल’ प्रवेशाज्ञा दिदै आएको छ । तर त्यसको दुरूपयोग नहोस् भन्नेतर्फ पनि सरकार चनाखो हुनुपर्छ ।

यी प्रश्नहरूको पृष्ठभूमिमा हामी प्रस्ट हुनुपर्ने विषय के हो भने नेपालमा आएर अपराधजन्य गतिविधि गर्न कुनै पनि देशका नागरिकलाई छुट छैन र हुनु पनि हुँदैन । नेपाल अन्य देशमा अपराध गरेका व्यक्तिहरू लुक्ने सुरक्षित आश्रयस्थल पनि बन्नु हुँदैन तर त्यसलाई रोक्न सरकार, नेपाल प्रहरी र गुप्तचर निकायले अपनाउने शैली भने विवादरहित र कानुनसम्मत हुनुपर्छ । यस्ता घटना भोलि अन्तर्राष्ट्रिय कूटनीति तथा मानव अधिकारको विषय बन्नु हुँदैन ।

नेपालमा चिनियाँहरूले नेपाली समाजलाई कसरी प्रदूषित गरिहेको छ त्यसको यो उदाहरण हो । विगतमा चिनियाँ अपराधीहरूले नेपालमा मच्चयाएको उधुमको पछिल्लो परिघटना हो यो । काठमाडौँबाट चिनियाँ अपराधीहरूको गिरोह पक्राउ परेपछि तत्कालका लागि विपद् टरे पनि यससँग सम्बन्धित संवदेनशील विवरण अझै हुन सक्ने सम्भावना पनि रहेको छ । चिनियाँ अपराधको जोखिम समाप्त भइसकेको भनेर ढुक्क हुने अवस्था भने छैन ।

## सातको सात बात


‘समृद्ध नेपाल, नेपालीलाई सुखी र सभ्य समाज निर्माण गर्ने सरकारको उद्देश्य रहेको छ । यसमा केही व्यवधान खडा भएका छन्, देश निर्माणको काम सहज र सजिलो छैन तर दृढ संकल्पले उद्देश्य हाँसिल गर्न सकिन्छ । **पुष्पकमल दाहाल, अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी**


पछिल्लो समय राजपाले पार्टी एकीकरणका लागि समाजवादी पार्टीले सरकार छाड्नुपर्ने शर्त राख्दै आएको थियो । राजपासँग पार्टी एकताका लागि धेरै कुरा मिलिसकेको छ, सरकार छाड्नुपर्ने उहाँहरूको शर्त पनि पूरा भएको छ, उहाँहरू चाहनुहुन्छ भने हामी तयार छौं । **उपेन्द्र यादव, अध्यक्ष, समाजवादी पार्टी**


नेपाल धर्मनिरपेक्ष मुलुक रहेकाले यहाँ जुनसुकै धर्म स्वतन्त्रपूर्वक मान्न पाउने अधिकार संविधानले नै ग्यारेन्टी गरेको छ । राज्यको धर्म हुँदैन, धर्म व्यक्तिको हुन्छ । नेपाल एउटा यस्तो फुलबारी हो, जहाँ राज्यले कुनै धर्मलाई अबलम्बन गरेको छैन । **गोकुलप्रसाद बाँस्कोटा, संचार तथा सूचना प्रविधिमन्त्री**


हामीले उठाएका सवालहरूमा सरकारको सकारात्मक रवैया रहेन भने केही हुनेवाला छैन । दुई नम्बर प्रदेशको सरकारमा पनि केही हुँदैन, संघीय सरकारमा पनि केही हुँदैन ।। हेर्दै जाउँ, सरकारले जनताको माग पूरा गरेन भने सडक संघर्षमा जानुपर्ने हुन्छ । **राजेन्द्र महतो, संयोजक, राजपा नेपाल**


मधेशमा अझैपनि बालविवाह, महिला हिंसा र दाइजो प्रथा जस्ता कुरितीहरू विद्यमान रहेका छन् । मधेशी समुदाय भित्रको भाषा, संस्कृति, लिपि, इतिहास, परम्परा र साहित्य आदिको अध्ययन गरी त्यसको संरक्षणका लागि आवश्यक कदम चाल्नेछौं । **डा. विजयकुमार दत्त, अध्यक्ष, मधेशी आयोग**


एउटा पार्टी सरकारबाट हट्नेबित्तिकै अर्को पार्टी सरकारमा गइहाल्छ भन्ने दृष्टिकोण नै गलत हो । त्यसमा हाम्रो कुनै सम्बन्ध नै छैन । हामीले सरकारमा सहभागी हुने निर्णय गरिसकेका छैनौं । छलफल हुँदैछ, जहाँ-जहाँ जसरी-जसरी कुरा मिल्छ, त्यसैगरी अगाडि बढ्छौं । **वृषेशचन्द्र लाल, वरिष्ठ उपाध्यक्ष, राजपा नेपाल**


मधेश आन्दोलनको उत्तराधिकारी ठान्ने शक्तिहरूले आफु कहाँ छौं भन्ने सोच्नुपर्ने हो । यस्तो आत्ममन्थनले नै उनीहरूलाई राजनीतिक बाटो देखाउन सक्थ्यो । तर दक्षिणावृत्तिमा रमाउनेलाई बाली लगाउने रहर कहाँ हुन्छ । **चन्द्रकिशोर, लेखक**

# अथ गुलामस्य प्रथमोध्यायः समाप्त

**विचार - विश्लेषण** भाग-५२


उपेन्द्र झा

**समाजवादी पार्टीले गुलामीको पहिलो अध्याय समाप्त गरेको छ । अब गुलामी गर्ने अवसर राजपाको हो । जसरी भएपनि गुलामी गरेर धनलाभ गर्ने मधेशका पार्टीहरूले अन्ततः मधेशलाई शासकको गुलामी गर्ने सन्देश नै दिएको छ ।**

अन्ततः समाजवादी पार्टीको अध्यक्ष उपेन्द्र यादव केपी ओली सरकारको भाजन बन्नै पऱ्यो । मधेशको अधिकारप्रति इमान्दार रहन नसक्ने, चाकडीको बाटो रोजेर स्वार्थ पूरा गर्ने उपेन्द्र यादवले गुलामी पनि इमान्दरीपूर्वक गर्न सकेन । शासकहरू समक्ष टाउको निहुँराएर विन्तीको भावमा आफ्नो कुरा राख्ने गुलामी परम्परा विरूद्ध अनपेक्षित संशोधन प्रस्ताव ल्याउँदा मालिक क्रुद्ध हुनु स्वाभाविक हो ।

राजपाका अध्यक्षहरू पनि संशोधन प्रस्तावबारे प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापन पत्र दिँदा “यसको औचित्य समाप्त भईसकेको छ । विकास निर्माणको कार्यमा सहयोग गर्नोस्” भनेर स्पष्ट गरेपछि सरकारको एजेण्डामा मधेशको संशोधन प्रस्ताव रहेन भन्ने कुरा उपेन्द्र यादवको बुद्धिमा पसेन होला ? वा ओलीको गुलामीप्रति उनी विश्वस्त थिए ? उनी ओलीप्रति पूर्ण विश्वस्त थिए । मन्त्रीमण्डल पुनर्गठन गर्दा ठूला ठूला मधेशी नेताहरू बहिर्गमनमा परेको तर उपेन्द्र यादवले मन्त्रालय बदले पनि निरन्तरता पाएकोले “प्रधानमन्त्रीको माया” को स्तुतिगान गाउनु भएको थियो । असलमा सरकार विरूद्ध अनेक अभिव्यक्ति सार्वजनिक हुँदा ओली भित्रैबाट क्रुद्ध थिए नै, पार्टीका सहकर्मी नेताहरूको दबावमा परेर महत्वपूर्ण मन्त्रालयबाट हटाएर कानून मन्त्रालयमा राखेको थियो ।

मन्त्री मण्डलमा निरन्तरता पाएर उनी हौसिएका थिए । यही विश्वासका साथ उनले संशोधन प्रस्तावको “विषको प्याला” प्रधानमन्त्रीलाई टकयाएका थिए । “स्टप ईट” को चाबुकबाट क्रोध शान्त नभएपछि “राजीनामा नदिए वर्खास्ती” मा पर्ने सन्देश अनुसार उपेन्द्र यादवले पौष ८ गते राजीनामा दिएर गुलामीको पहिलो अध्याय समाप्त पारेका हुन् ।

उपेन्द्र यादवले लिखित रूपमा समर्थन फिर्ता लिएको छैन । प्रदेशमा सरकार परिवर्तन हुने पक्का छ । २९ सीट लिएर समाजवादी बाहिरिए पनि राजपा २५ सीट लिएर सरकारसँग टाँसिनेछ । समाजवादी पार्टीको गुलामी अवधी सकिएको छ । राजपाले गुलामीको राम्रो अवसर पाएको छ ।

राजपा जसरी सरकारबाट समर्थन फिर्ता लिएर “के गर्ने” को बन्दी भएका थिए । राजपा सरकारमा गएपछि अब अन्योलग्रस्त अवस्था समाजवादी पार्टीको हुनेछ । केपी शर्मा ओलीको “कोपभाजन भएपछि उपेन्द्र यादव निरस्त्र बनेका छन् । ठुला ठुला नेताहरूलाई जेलको हावा खुवाउने क्रममा उपेन्द्र यादवको पनि पालो नआउने होइन । गौर काण्डमा उपेन्द्र यादव जेल जाने चर्चा सार्वजनिक भएपनि यिनी आर्थिक अनिर्यामतताामा जान सक्ने सम्भावना प्रवल रहेको जानिफकारहरूको भनाई छ । जति गरिव अवस्थाबाट शुरू गरेको राजनीतिक यात्रामा मधेश आन्दोलनमा स्वामित्व ग्रहण गरे पश्चात् अफूत सम्पत्तिका मालिक बनेका छन् ।

मधेश आन्दोलनमा सत्ताका स्वाद चाखेका अनेकौं भ्रष्ट प्रवृति भएको नेताहरू आएपनि उपेन्द्र यादव स्वच्छ छवि, नयाँ अनुहार, अधिकार आन्दोलनप्रति इमान्दार रहेकोले मधेशले आन्दोलनको नेतृत्व सुम्पेको थियो । दरिद्र मानसिकताका रोगी उपेन्द्र यादव अधिकार आन्दोलनको माला गर्दनमा धेरै दिन झुण्ड्याउन सकेन । मधेश आन्दोलनले राजनीतिक शिरोमणीको उपाधि दिई सकेपछि अब जे भन्दा, जे गर्दा पनि मधेशको लागि “ब्रहमवाक्य”हुने विश्वासका साथ उपेन्द्र यादवले स्वार्थलाभका लागि बेईमानी शुरू गरे । बेईमानीका प्रसंगहरू बेला बेलामा सार्वजनिक भएपनि उपेन्द्र यादवको भगवत् स्वरूपको अगाडी ती आलोचनाहरू अर्थहीन नै बन्यो । मधेशमा जाति बाहुमुल्य (यादब) रहेकोले उपेन्द्र यादव “अवतार” को रूपमा स्थापित भएकोले यिनको संगठानात्मक सशक्तता थियो ।

उपेन्द्रको विकल्पमा तमलोपा, सद्भावना पार्टी सत्ताको दलाली, गुलामी गरि अवसर प्राप्त गर्ने प्रवृति राखेकाले मधेशी जनताका लागि त्यति विश्वसनीय थिएन । त्यसकारण पनि उपेन्द्र यादव निर्विकल्प बनेका थिए । तर एउटा निश्चित समयपछि सबैको अवसन हुने प्रक्रियामा उपेन्द्र यादवको “विषम परिस्थिति” को शुरूवात भएको छ । सरकारबाट अलग हुनु, आन्दोलन गर्न नसक्नु, पावर बिना सिङ्गै पार्टीलाई सन्तुष्ट राख्नु नसक्नु, आदिबाट सृजित अन्योलग्रस्त अवस्थाले त आर्जन गरेको शक्तिलाई क्षीण बनाउँछ ।

संविधान घोषणाको विरूद्ध शान्तिपूर्ण आन्दोलन गर्दै ६ महिनाको नाकाबन्दी आन्दोलनबाट थकित सरकारले उपेन्द्र यादव र राजेन्द्र महत्तोलाई आफ्नो प्रभावमा लिने रणनीति बनाए । दुबैलाई आफ्नो अनुयायी बनाएर नाकाबन्दी आन्दोलनको अन्त गरायो । ५ दर्जन मधेशी सपूतहरूको बलिदान गराएर उपेन्द्र यादव र राजेन्द्र महत्तो केपी ओलीको प्रभावमा बिना शर्त आन्दोलन फिर्ता लियो । यो घटना मधेशप्रतिको ठूलो गद्दारी हो ।

उपेन्द्रे यादवको दोस्रो गद्दारी आन्दोलन छोडेर विना शर्त स्थानीय चुनावमा जानु हो । बिना शर्त चुनावमा जाने तथा उल्लेख्य स्थान प्राप्त गर्ने प्रधानमन्त्री केपी शर्माकै अनुकम्पा हो । गृह जिल्ला छाडेर उपेन्द्र यादव सप्तरी र राजेन्द्र महत्तो धनुषाबाट जित्नु केपी शर्मा ओली कै कृपाबाट सम्भव भएको थियो । यो सारा सुविधा भोग गर्नेहरू मधेशको अधिकारबारे संघर्षको कुरा छाडौं, बकम्फुसे संशोधन प्रस्ताव लैजाँदा चाबुक खाएका छन् ।

गुलामी द्विअर्थी भाषामा पोख्त भएका उपेन्द्र यादवको मन्त्रीमण्डल बैठकमा पेस भएका संशोधन पढ्दा सबैकुरा थाहा हुन्छ । अर्थहीन संशोधन प्रस्ताव लग्दा मधेशी जनताको सहानुभूति प्राप्त गर्ने तथा सरकारलाई पनि बढी दबाव झेल्नु नपर्ने द्विअर्थी प्रस्तावलाई प्रधानमन्त्रीले पढ्दै नपढि फालेकोबाट उपेन्द्र यादवको साख धराशायी भएको छ । मधेश मुद्दाको पहिचान गरेर राजनीति गर्ने उपेन्द्र यादवले प्रस्तावमा सरकारलाई संशोधनका मुद्दाहरू पहिचान गर्न विज्ञ टोली गठन गर्न आग्रह गरेको छ । मधेशप्रति गद्दारीको यो तेस्रो नमुना हो ।

समाजवादी पार्टीले गुलामीको पहिलो अध्याय समाप्त गरेको छ । अब गुलामी गर्ने अवसर राजपाको हो । जसरी भएपनि गुलामी गरेर धनलाभ गर्ने मधेशका पार्टीहरूले अन्ततः मधेशलाई शासकको गुलामी गर्ने सन्देश नै दिएको छ । गुलामीको चादर च्यातेर अधिकारको लागि उठेको मधेश आन्दोलनले अधिकारको चेतना गरेको छ, त्यो त्यसै खेर जाँदैन । गद्दारहरूको हिसाब गरेर त्यो अगाडि बढ्छ ।

*janukjha24@gmail.com*

# संस्कृतिको धनी मधेश


सुधा मिश्र

मधेशको माटो गीतमय छ । संगीतमय छ । संस्कृतिको धनी मधेशमा गीत र संगीतले विशेष स्थान ओगटेको छ । मिथिलामा परम्परादेखि नै हरेक अवसरमा गीत र संगीतमा रमाइने चलन रहेको छ । उडिरहेको चराको उडाइमा गीत छ भने हलिरहेको रूखको पातमा संगीत छ । अहिले यो गीतमा संगीतमा नयाँ उमंग, नयाँ उत्साह, नयाँ जोश र खुशियाली छाएको छ जसको स्रोत म्युजिक अवार्ड विजेता ललित कामत हुन् ।

नेपाल संगीत उद्योग संघले कमलादीस्थित प्रज्ञा भवनमा आयोजना गरेको नेपाल संगीत उद्योग संघ राष्ट्रिय म्युजिक अवार्ड २०१९ AMIN NATIONAL MUSIC AWARD 2019’ मा गायक कामत पुरस्कृत भएका छन् । गायक ललित कामत ’बेस्ट संग्स पब्लिक अवार्ड’ र ‘जुरी अवार्ड’ बाट पुरस्कृत भएका छन् । देश विदेशमा गायन क्षेत्रमा चर्चा कमाइसकेका कामत जनकपुरका हुन् । पुरस्कृत कामतलाई सम्मान सहित प्रमाणपत्र र मेडल प्रदान गरिएको छ । करीब दुई दशकभन्दा बढी समयदेखि गायन क्षेत्रमा सक्रिय ललित कामतले यसअघि पनि देश तथा विदेशमा विभित्र अवार्डबाट पुरस्कृत भइसकेका छन् ।

नेपाल संगीत उद्योग संघद्वारा आयोजित यो प्रथम ऐतिहासिक राष्ट्रिय म्युजिक अवार्ड हो । संगीत व्यवसायीहरूको एक मात्र पेशागत छाता संगठन ’नेपाल संगीत उद्योग संघ’ ले स्थापनाको २७औं वर्ष पूरा गरेको अवसरमा म्युजिक अवार्डको कार्यक्रम गरेको हो । संघले ’नेपाली गीत, संगीत र संस्कृति संरक्षणको अभियान, व्यावसायिक एकता सहितको हाम्रो पहिचान’ भन्ने नारा सहित नेपाल संगीत उद्योग संघ राष्ट्रिय म्युजिक अवार्डको आयोजना गरेको हो । उक्त कार्यक्रममा प्रसिद्ध कलाकार मह जोडीलाई लाइफ टाइम एचिभमेन्ट अवार्ड प्रदान गरिएको हो । नेपाल संगीत उद्योग संघले ७८ विधामा अवार्ड वितरण गरेको छ । पहिलोपल्ट जनजाति संगीतलाई पनि प्राथमिकता दिइएको छ । संघले राष्ट्रिय म्युजिक अवार्ड २०१९ मा आधुनिक गीत, चलचित्रका गीत, भाषाभाषीका गीत, पप गीत, लोक गीत, सर्वोत्कृष्ट राष्ट्रिय भावको गीत जस्तै विभिन्न विधामा अवार्ड वितरण गरेको छ ।

**गायक ललित कामतले आफ्नो आवाजको जादुले सम्पूर्ण मिथिलाञ्चललाई मुग्ध बनाएका छन् ।**

सुमधुर स्वर तथा गायन क्षेत्रमा छुट्टै पहिचान बनाउन सफल गायक ललित कामतको जन्म धनुषाको ग्रामीण भेग जनक नन्दनी गाउँपालिकाअन्तगर्त खजुरीमा भएको हो । सुमधुर स्वरका धनी कामत विभिन्न भाषाको एल्बम तथा विभिन्न भाषाको फिल्महरूमा पनि गीतहरू गाइसकेका छन् । गायक कामत मैथिली, नेपाली, भोजपुरी आदि भाषामा दर्जनौं गीतहरू गाइसकेका छन् ।

दिल्लीको गान्धर्व संगीत महाविद्यालयबाट गायन विधामा ब्याच्लर गरेका कामत जनकपुरस्थित अलाप संगीत विद्यालयको व्यवस्थापक तथा प्रशिक्षक रहेका छन् भने बहुचर्चित नाट्य संस्था मिथिला नाटय परिषदको उपाध्यक्ष रहेका छन् । पारिवारिक पृष्ठभूमि नै गायन क्षेत्रमा रहेको कामतको बुवा, हजुरबुबा लगायतका पारिवारिक सदस्य पनि गायन क्षेत्रमै काम गरिरहेका छन् ।

जिन्दगी धुवाँ धुवाँ, नारीए कोखि सँ सब जन्मैय, हाय रे हाय रे हमर पान जस्ता थुप्रै मार्मिक र हृदय स्पर्शी गीतहरूका लागि बेस्ट संग्स पब्लिक अवार्ड र जुरी अवार्डबाट गायक ललित कामत पुरस्कृत भएका छन् ।

गायक ललित कामतले आफ्नो आवाजको जादुले सम्पूर्ण मिथिलाञ्चललाई मुग्ध बनाएका छन् । बच्चादेखि वृद्धसम्मले उनको गीत गुनगुनाइरहेका छन् । नेशनल म्युजिक अवार्ड विजेता कामतलाई धेरै धेरै शुभकामना । अगामी दिनहरूमा पनि उनले गाएका गीतहरू अझै धर्तीदेखि गगनसम्म धुम मचाओस् भन्ने कामना गर्दछु ।

# ओलीभन्दा समाजवादीले मधेशीलाई मुर्ख ठान्यो

समाजवादी र राजपा दुवै सत्ता समर्पण र मुद्दा विसर्जनवादी पार्टीहरू हुन् । मात्रात्मकरूपमा कोही अलि कम र कोही अलि बढी होलान् । यिनीहरूको समग्र विनाशबिना, यिनीहरू समाप्त नभइकन मधेशमा अर्को राजनीतिक पार्टी पनि बन्न सक्दैन र मधेशले आफ्नो ध्येय पनि पूरा गर्न सक्दैन ।



## जयप्रकाश गुप्ता
### संयोजक, तराई मधेश राष्ट्रिय अभियान

- **उपेन्द्र यादव आफ्नो अनुहारलाई बचाएर सरकारबाट कसरी बाहिर आउने भन्ने एउटा मौकाको खोजीमा हुनुहुन्थ्यो ।**
- **उहाँलाई थाहा छ कि नेकपाले कहिल्यै पनि मधेशको आकांक्षाअनुसार संविधानमा संशोधन गर्दैन । तर उही उपेन्द्र यादवले पूरै नहुने एउटा आश्वासनको भरमा सरकारमा जानुभयो ।**
- **सब कुरा थाहा हुँदाहुँदै पनि उपेन्द्रजीले संविधान संशोधनलाई देखाउने मुखुण्डोको रूपमा आफू मन्त्री पदमा बस्नुभयो र अन्तिममा आएर विभिन्न कारणले राजीनामा दिनुभयो ।**
- **सत्ताको चास्नी चाट्नलाई सरकारमा बस्नु र एक प्रकारले अपमानित गरेर सरकारबाट निष्काशन गर्दा संविधान संशोधनको स्वाङ पिट्नु, आन्दोलनको कुरा उठाउनु ओलीभन्दा पनि समाजवादी पार्टीले मधेशीलाई मुर्ख ठानेको छ ।**
- **उपेन्द्र यादवको स्थिति मन्त्रिपरिषद्मा 'मान न मान मैं तेरा मेहमान'वाला भइसकेको थियो ।**
- **उहाँ भाग्यमानी हुनुहुन्छ कि मधेशका बुद्धिजीवी, पत्रकार र जागरूक जनताले कहिल्यै पनि उहाँलाई पहिचान गर्न सकेनन् । उहाँ कुन हाड र मासुबाट बनेको, कतिको क्रान्तिकारी मान्छे हो यसको सही पहिचान गर्न नसकेर उहाँको पसल चलिरहेकै छ ।**
- **राजपाका मान्छेहरूले धोती माथि सारिसकेका छन् । उनीहरू पनि सरकारमा जानका लागि लालायित त रहँदै आएको हो, यसलाई सरकारमा जाने अवसरको रूपमा उनीहरूले बुझेको हुनुपर्दछ ।**
- **राजपाका नेताहरूको अनुहारलाई सम्झयौं भने सहजै अनुमान गर्न सक्छौं कि राजपा पनि उपेन्द्र यादवसँग कति फरकवाला मानिसहरूले बनेको पार्टी हो ।**

**० उपेन्द्र यादव नेतृत्वको समाजवादी पार्टीको संघीय सरकारबाट बहिर्गमनलाई कसरी हेर्नुभएको छ ?**

– यो प्रक्रियाको सम्बन्ध मधेशका माग र अपेक्षाहरूसँग छैन । तात्कालीन संघीय समाजवादी फोरम र बाबुराम भट्टराईजी नयाँ शक्तिबी पार्टी एकीकरणपछि पार्टी सरकारबाट बाहिर जानुपर्छ र कांग्रेस र एमालेबाहेकका अन्य शक्तिहरूसँग मिलेर एउटा वैकल्पिक तेस्रो शक्तिको निर्माण गर्नुपर्छ भन्ने धारणा बाबुरामजीको सुरूदेखि नै थियो । यसको पछाडि बाबुरामको मनसाय जेभएपनि सार्वजनिकरूपमा आएको कुरा यही हो । तर, उपेन्द्र यादवले यस कुरालाई संविधान संशोधनको झुठो आश्वासन दिएर पर सार्दै जानुभयो । यसैबीचमा एउटा नयाँ कुरा के आयो भने आगामी समयमा कांग्रेस र एमाले सहमत भएर थ्रेसहोल्डलाई ५ प्रतिशतमा पुऱ्याउँछ । अर्थात् अहिले राष्ट्रिय पार्टी हुनलाई जुन ३ प्रतिशत थ्रेसहोल्ड छ त्यसलाई बढाएर ५ प्रतिशत पुऱ्याउने हो । यसको प्रभावबाट भोलीको दिनमा आफूलाई राष्ट्रिय पार्टीको रूपमा रहन कठिन हुन्छ भनेर समाजवादी र राजपाबीच एकताका लागि कुराकानी प्रारम्भ भयो । तर, यस प्रक्रियामा राजपा जो सरकारबाट बाहिर थियो र पछि गएर आफ्नो समर्थन पनि सरकारबाट फिर्ता लियो, उसले समाजवादीलाई सरकारबाट बहिर्गमनका लागि नयाँ चाल चल्यो । सरकारबाट बाहिर आउनुस् अनि एकता प्रक्रिया बढ्छ भनेर । राजपा र समाजवादीको बीचमा धोकाधडीको लामो इतिहास छ । त्यसको प्रतिफलवापत यो कुरा आएको थियो । यसका थुप्रै उदाहरणहरू छन् । यसमा उपेन्द्र यादवजी सरकारमा हुँदा बाबुरामजी एकपक्षीयरूपमा सरकारको आलोचना गर्दै जानुभयो र प्रधानमन्त्री केपी ओलीले यसलाई सहकार्यको सिद्धान्तअनुसार यो कुरा भएन भनेर बारम्बार उपेन्द्र यादवलाई भन्दै आउनुभएको थियो । तर, उपेन्द्र यादवले बाबुरामलाई चुप लगाउन सक्नु भएन । सोहीअनुरूप पछिल्लो समय मन्त्रिपरिषद् पुनर्गठन हुँदा उपेन्द्र यादवलाई अलिकति अपमानित हुने गरी स्वास्थ्यबाट कानून मन्त्रालयमा सारियो । उपेन्द्र यादवले सोही बेलादेखि फेससेभिंगको उपाय खोजिरहनुभएको थियो । आफ्नो अनुहारलाई बचाएर सरकारबाट कसरी बाहिर आउने भन्ने एउटा मौकाको खोजीमा हुनुहुन्थ्यो । अस्ति उहाँले एउटा नयाँ चाल चल्नुभयो । संविधान संशोधन भनेर बाहिर भन्नुभयो । तर, खासगरेर कुन-कुन विषयमा संविधान संशोधन गर्ने त्यसको पहिचान गर्नका लागि एउटा समिति बनाउने प्रस्ताव लिएर जानुभयो । त्यो प्रस्तावलाई स्वाभाविकरूपले अस्वीकार गरियो, प्रक्रियागतरूपमा पनि थिएन । ओलीजीले उपेन्द्रजीलाई निकै नै होच्याउने र आलोचना गर्ने खालका कुराहरू गर्नुभयो भन्ने कुराहरू सार्वजनिक भएको छ । उपेन्द्र यादवले संविधान संशोधनका लागि सरकारमा धेरै संघर्ष गर्नुभयो, प्रस्ताव पनि ल्याउनुभयो तर ओली सरकारले मानेन अनि बाध्य भएर सरकारबाट बाहिरिनुभयो, आन्दोलन हाँक्न आउनुभयो लगायतका बुझाईहरू सही होइन । यसैरूपबाट अहिलेको घटनाक्रम अगाडि आएको छ ।

**० भनेपछि, उपेन्द्र यादवको सरकारबाट बहिर्गमन अप्रत्याशित थिएन, सुझबुझपूर्ण र योजनातहत थियो ?**

– मलाई लाग्छ मधेशीहरूको स्मृति बडो कमजोर छ । केही समय पहिला भएका घटनाक्रमहरू पनि हामी स्मरण गर्दैनौं । त्यसले गर्दा तत्काल पार्टीहरूले जे कुरा भन्दछ, हामी त्यसैलाई विश्वास गर्दछौं । म स्मरण गराउन चाहन्छु, यो संविधान जारी भइसकेपछि हामी सबै आन्दोलनमा थियौं र अचानक आन्दोलन बन्द भयो । त्यसपछि सरकारको तर्फबाट संविधान संशोधनको कुराहरू अगाडि आयो र संविधान जारी गर्ने पक्षहरूले आन्तरिक सहमतिमा केही कुराहरू संशोधन गरियो । त्यसपछि नेपाली कांग्रेस र तत्कालीन एमाले वा माओवादी (हालको नेकपा)ले स्पष्टरूपमा भन्दै आएको छ कि अब संविधानमा संशोधनको कुनै आवश्यक छैन । खासगरेर मधेशका सवालमा संविधानमा संशोधन हुन्छ भन्ने कुरा यिनीहरूले कहिल्यै स्वीकारेकै छैन । यो कुरा थाहा पाउँदा-पाउँदै राजपाले पनि आफ्नो विश्वासको मत दियो । संविधानमा संशोधन नै नगर्ने मनसायले ओलीले यतिकै आंशिक आश्वासन दिए । उपेन्द्र यादवजी पनि यो कुरा थाहा पाउँदा-पाउँदै सरकारमा जाँदा एउटा आधार बनाउँ भनेर दुईबुँदे समझदारी गर्नुभयो । उहाँलाई थाहा छ कि नेकपाले कहिल्यै पनि मधेशको आकांक्षाअनुसार संविधानमा संशोधन गर्दैन । जुन उपेन्द्र यादवले संविधान संशोधन होइन, पुनर्लेखनको कुरा उठाउनुभएको थियो, उहाँले एमालेमुक्त मधेशको नारा दिनुभएको थियो । तर उही उपेन्द्र यादवले पूरै नहुने एउटा आश्वासनको भरमा सरकारमा जानुभयो । त्यसपछि पनि नेकपा र ओलीजीले बारम्बार भन्दै आउनुभएको छ कि संविधानमा संशोधन हुँदैन । तसर्थ उपेन्द्र यादवले मन्त्री पदमा बसिरहनका लागि संविधान संशोधनलाई जप्दै आउनुभएको थियो ।

मन्त्रालयमा उपेन्द्र यादवको खस्केको पर्फमेन्स, बाबुरामले ओली सरकारको निरन्तर गरेको आलोचना, रेणु यादवहरूले सरकारबाट बाहिरिनुपर्छ भन्ने खालका निरन्तरका दबाब र राजपाले सरकारबाट बाहिर नआउँदा दुई पार्टीबीच एकीकरण नै हुन नसक्ने लगायत यी सबै कुराहरूको प्रतिफल ओलीले उपेन्द्रलाई अपमानित गर्दै आए । त्यसकारणले, उपेन्द्र यादवले संविधान संशोधन गराउँछु भनेर सरकारमा बसेका थियौं भन्नु मधेशी जनतालाई मुर्ख बनाउने बाहेक केही पनि होइन ।

**० संविधान संशोधनको सवालमा समाजवादीलाई प्रधानमन्त्रीले धोका दिए कि समाजवादीले मधेशी जनतालाई ?**

– मलाई लाग्छ, प्रधानमन्त्रीले त्यस बैठकमा जसमा उपेन्द्रले तथाकथित एउटा प्रस्ताव लिएर जानुभएको थियो त्यसमा पनि प्रधानमन्त्रीले प्रष्टरूपमा भन्नुभयो कि यो संविधान संशोधन जतिबेला मन लाग्यो बजाउने मादल होइन । यसअघि राजपाले प्रधानमन्त्रीलाई संविधान संशोधनको बारेमा दुई/तीन पटक कुरा उठाएको र ज्ञापनपत्र दिएको थियो । प्रधानमन्त्रीले त्यतिखेर पनि प्रष्टरूपमा राजपालाई भन्नुभएको थियो कि संविधान संशोधन हुन सक्दैन, यो कुरा छोडेर अन्य कुराहरूमा सहमति गरौं । त्यो भनेपछि हार मानेर राजपाले सरकारबाट समर्थन फिर्ता लिएको कुरा पनि उपेन्द्रजीलाई थाहा छ । यी सब कुरा थाहा हुँदाहुँदै पनि उपेन्द्रजीले संविधान संशोधनलाई देखाउने मुखुण्डोको रूपमा आफू मन्त्री पदमा बस्नुभयो र अन्तिममा आएर विभिन्न कारणले राजीनामा दिनुभयो । त्यसकारण ओलीले धोका दिएको होइन, उनले सुरूदेखि नै संविधान संशोधन हुँदैन भन्ने कुरा भन्दै आएका थिए । हामी सत्ताको चास्नी चाट्नलाई सरकारमा बस्नु र एक प्रकारले अपमानित गरेर सरकारबाट निष्काशन गर्दा संविधान संशोधनको स्वाङ्ग पिट्नु, आन्दोलनको कुरा उठाउनु ओलीभन्दा पनि समाजवादी पार्टीले मधेशीलाई मुर्ख ठानेको छ ।

**० मन्त्रिपरिषद् पुनर्गठनमा उपेन्द्र यादवलाई स्वास्थ्यबाट कानूनमा झार्दा र एउटा राज्यमन्त्री हटाउँदा प्रधानमन्त्रीको संकेत समाजवादी सरकारबाट बाहिरियोस् नै थियो ?**

– प्रधानमन्त्रीका कुराहरू पटक-पटक सार्वजनिक हुँदै आएको छ । पहिलो कुरा त बाबुरामले ओलीको आलोचना गर्दा प्रधानमन्त्री निवास बालुवाटारमा भएको एउटा सर्वदलीय बैठकमै ओलीजीले यो कोलिसनको धर्म भएन, तपाइँको पार्टीका संघीय परिषद् अध्यक्ष जथाभावी बोल्दै हिंडेको छ, यदि त्यसमा तपाइँको पनि सहमति छ भने सरकारबाट राजीनामा दिनुस् । दोस्रो, उपेन्द्र यादवले सम्हालेको स्वास्थ्य मन्त्रालय ढंगले काम नगरिरहेको, डेंगु फैलिएको बेला पनि प्रधानमन्त्रीले स्वास्थ्यमन्त्रीको खुलारूपमा आलोचना गरेको, कर्मचारीहरूको समायोजन गर्न असफल भएको, विदेश भ्रमण बढी गरेको र यो कम्युनिष्टको सरकार होइन, कमाउनिष्टको सरकार हो भनेर उपेन्द्र यादव स्वयम्ले भन्दा पूरै मन्त्रिपरिषद्ले राजीनामा दिएर जानुस् भनेको कुराहरू सार्वजनिक भएकै हो । यति हुँदाहुँदै पनि उपेन्द्रजी अपमान सहेर भएपनि सरकारमा बस्नुभयो । उपेन्द्र यादव ओलीका लागि घाँडो भइसक्नु भएको थियो । उपेन्द्र यादवकोस्थिति मन्त्रिपरिषद्मा 'मान न मान मैं तेरा मेहमान'वाला भइसकेको थियो । उहाँको एउटा राज्यमन्त्रीलाई हटाइदियो, उहाँ दिल्लीमा रहेको बेला मन्त्रालय परिवर्तन गरिदियो । यति हुँदा पनि उहाँ खुशी व्यक्त गर्दै प्रधानमन्त्रीले मलाई धेरै मन्त्रालयको अनुभव बटुल्नुस्, अन्य मन्त्रालयको काम सिक्नुस् भनेर वक्तव्य दिनुभयो ।

**० सकारबाट बहिर्गमनपछि समाजवादीको अबको यात्रा कस्तो देख्नुहुन्छ ?**

– मलाई थाहा छैन, म त्यो पार्टीसँग सम्बन्ध पनि राख्दिँन । उहाँको पत्रकार सम्मेलनको समाचारहरू पढें । उहाँले तीन वटा तीर छोड्नुभएको छ । एउटा त राजपाले चाहेको थियो सरकारबाट बाहिर आउ, त्यसपछि एकता हुन्छ । त्यसकारण हामी सरकारबाट बाहिर आयौं अब राजपासँग एकीकरणको प्रक्रिया सुरू हुन्छ । हामीलाई सरकारबाट बाहिर आउनुपर्छ भन्ने राजपा अब सरकारमा कसरी जान्छ ? यदि सरकारमा गयो भने राजपाको लागि आत्महत्या हो भनेर राजपालाई फसाउनका लागि एउटा तीर छोडनु भएको हो । बाबुरामजीले अर्को तीर छोड्नुभएको छ कि हामी अब सरकारबाट बाहिर आयौं, सरकारमा हुँदा वैकल्पिक शक्ति निर्माणमा बाधा व्यवधान थियो, अब सबै पहिचानवादी, क्रान्तिकारी शक्तिहरू मिलेर तेस्रो शक्ति निर्माण गर्नुपर्छ भन्नुभयो । उपेन्द्रजीले सदाझैं अब हामी जनताको बीचमा जान्छौं, संविधान संशोधनको मुद्दा लिएर जान्छौं, जुन प्रस्ताव अस्वीकार गरियो त्यसलाई लिएर जान्छौं, प्रधानमन्त्रीले धोका दिनुभयो, ओली अब कसरी मधेश छिर्छ भनेर धाकधम्कीको तेस्रो तीर छोड्नुभएको छ । उहाँ भाग्यमानी हुनुहुन्छ कि मधेशका बुद्धिजीवी, पत्रकार र जागरूक जनताले कहिल्यै पनि उहाँलाई पहिचान गर्न सकेनन् । उहाँ कुन हाड र मासुबाट बनेको, कतिको क्रान्तिकारी मान्छे हो यसको सही पहिचान गर्न नसकेर उहाँको पसल चलिरहेकै छ । उहाँलाई अझै पनि विश्वास छ कि विभिन्न आधारमा बनाएको राजनीतिक दुकान फेरि पनि चल्छ, त्यसको सुरूवात उहाँले गर्नुभएको छ । मधेशका मान्छेले यसलाई कसरी लिन्छ म भन्न सक्दिँन, समयले नै बताउँछ ।

**० सरकारमा जानु राजपका लागि आत्महत्यासरह हुने उपेन्द्र यादवको सुझाव राजनीतिकरूपमा कतिको उपयुक्त छ ?**

– राजपालाई चिनेरै उपेन्द्र यादवले त्यसो भनेको हुनसक्छ । किनभने भर्खरै राजपाले राष्ट्रियसभाको दुईटा सिटका लागि नेकपासँग एउटा समझदारी गरेको छ । त्यो समझदारी भनेको राष्ट्रियसभाको दुईटा सिटका लागि मात्रै होइन । राजपाका मान्छेहरूले धोती माथि सारिसकेका छन् । उनीहरू पनि सरकारमा जानका लागि लालायित त रहँदै आएको हो, यसलाई सरकारमा जाने अवसरको रूपमा उनीहरूले बुझेको हुनुपर्दछ । किनभने अहिले हामी जति कुराहरू थाहा पाइरहेका छौं, राजपाले राष्ट्रियसभामा दुईटा सिटसहित प्रतिनिधिसभामा उपसभामुखका लागि बार्गेनिङ्ग गर्ने, उपेन्द्रले छोडेको दुई मन्त्रालय र एउटा थप मन्त्रालय पनि पाउनुपर्छ र राज्यमन्त्रीसमेत गरेर पाँच जनालाई मन्त्री बनाउनुपर्छ भन्ने कुराहरू आइरहेका छन् । भनेपछि, उपेन्द्र यादवले यी सब कुराहरू बुझेर आत्महत्यावाला कुरो एउटा फन्दाको रूपमा उचालेका छन् । यसो भन्दा राजपा सरकारबाट बाहिर रहन्छ कि भन्ने उपेन्द्रको चाल हो । हामी सबैले राजपाका नेताहरूको अनुहारलाई सम्झयौं भने सहजै अनुमान गर्न सक्छौं कि राजपा पनि उपेन्द्र यादवसँग कति फरकवाला मानिसहरूले बनेको पार्टी हो ।

**० भनेपछि राजपाले तीन मन्त्रालय, दुई राज्यमन्त्रीसहित पाँच जना मन्त्री र उपसभामुखका लागि बार्गेनिङ्गमा छ ?**

– मैले तराई मधेश राष्ट्रिय अभियानको तर्फबाट प्रारम्भदेखि भन्दै आएको छु कि दुवै पार्टी सत्ता समर्पण र मुद्दा विसर्जनवादी पार्टीहरू हुन् । मात्रात्मकरूपमा कोही अलि कम र कोही अलि बढी होलान् । यिनीहरूको समग्र विनाशबिना, यिनीहरू समाप्त नभइकन मधेशमा अर्को राजनीतिक पार्टी पनि बन्न सक्दैन र मधेशले आफ्नो ध्येय पनि पूरा गर्न सक्दैन । मूलभूत र चरित्रगतरूपले यी दुवै पार्टी एउटै खाले हुन्, केही फरक छैन ।

**० राजपासँग दुईबुँदे सहमति र संघीय सरकारबाट समाजवादीको बहिर्गमनले प्रदेश २ को सत्ता समीकरणमा केही फेरबदल हुने सम्भावना देख्नुहुन्छ ?**

– हुनसक्छ । केही महिना पहिले प्रचण्ड मधेशमै गएर 'बाँकी सबै प्रदेशमा नेकपाको सरकार छ, प्रदेश २ मा पनि केही महिनाभित्रै नेकपाको सरकार बन्छ' भन्ने कुरा हामी बिर्सेका छैनौं । अहिले पनि राजपासँग जुन समझदारी भएको छ त्यसका केही पायदानहरू छन् । पहिलो पायदान, राष्ट्रियसभामा दुईटा सिटको सहमति हो । तर, भित्रभित्रै अन्य समझदारीहरूको कुरा पनि सञ्चारमाध्यममा आइरहेका छन् । प्रतिनिधिसभाको उपसभामुख, त्यसपछि नेकपा र राजपा मिलेर प्रदेश २ का मुख्यमन्त्री लालबाबुलाई हटाएर नेकपा वा राजपाको मुख्यमन्त्री बनाउने । त्यसपछि उपेन्द्र यादवले छोडेको मन्त्रालयहरूमा एउटा मन्त्रालय थप गरेर तीन वटा मन्त्रालय र दुई वटा सहायक/राज्य गरेर पाँच वटा मन्त्री मागेको कुरा । उपेन्द्र यादवसँग भएको सहमतिजस्तै, राजपासँग पनि त्यस्तै समझदारी गरेर सरकारमा जाँदैन भन्ने कुरा कसले भन्न सक्दछ ?

**० मधेशकेन्द्रित दलहरू सत्ता समर्पण र मुद्दा विसर्जनको बाटोमा हुँदा मधेशका मागहरू कसरी सम्बोधन हुन्छ ?**

– हेर्नुस्, मधेशका मागहरू निकट भविष्यमा सम्बोधन हुने मैले कुनै सम्भावना देखेको छैन । कांग्रेस र नेकपा आपसमा जति नै विरोधी भएपनि मधेशका मुद्दाहरू सम्बोधनको सवालमा गरिने संविधान संशोधनको विषयमा दुवै पक्ष एकमत रहेका छन् । संसदमा रहेका मधेशकेन्द्रित दलहरूबीच मतैक्यता छैन । यिनीहरू असंख्य विषयहरूमा विभाजित छन्, यो कुरा नेकपा र कांग्रेसले पनि बुझेको छ । एकथरि स्थानीय निकाय र प्रदेश सरकारमा छन् उनीहरूको ध्यान मधेशको मागभन्दा पनि राम्रो खाउँ, राम्रो लगाउँ, धनसम्पत्ति कमाउँ त्यतातिर गइसकेको छ । मधेशको मागको आधारमा संविधान संशोधन गर्ने भनेको इज्जत खोगाउनका लागि वक्तव्यको भाषाको विषय मात्र हुन गयो । यिनीहरू पनि कोठामा बस्दा सत्तापक्षसँग त्यो कुरा गर्न सक्दैन, सत्तापक्षले नमान्दा एउटा कार्यक्रमको रूपमा मधेशी जनताको बीचमा लिएर जान चाहँदैन । यस्तो अवस्थामा यिनीहरू बाहेक मधेशमा अर्को शक्ति पनि अहिले देखिँदैन, जसले यिनीहरूलाई विस्थापन गरेर कुराहरूलाई अगाडि बढाउन सकोस् । भोलीको दिनमा होला, अहिले सम्भावना छैन । जबसम्म यिनीहरूको सही पहिचान मधेशी जनताले गर्दैन, तबसम्म मधेशका मागहरू समाधान हुने स्थिति छैन । यिनीहरूबाटै केही हुन्छ कि भन्ने एउटा भ्रम पालेर मधेशी जनता बसेका छन् ।

**० मधेशमा वैकल्पिक शक्ति आउने सम्भावना कतिको देख्नुहुन्छ ?**

– मधेशमा नागरिक समाज अत्याधिक कमजोर छ । नागरिक समाजले यिनीहरूको चरित्रको बारेमा मधेशी जनतालाई अवगत गराइरहेका छैनन् । मधेशको प्रेस असाध्यै कमजोर छ । तपशीलका विषयमा मधेशको प्रेस व्यस्त रहेको देखिन्छ । यिनीहरूले आफ्नो जातीय आधार बनाएका छन् । सही कुराको तत्व बोध नभइकन् नयाँ शक्तिको निर्माण हुन सक्दैन । समयले एउटा शक्तिको निर्माण दिशामा हामी सबैलाई अगाडि बढाउँछ भन्ने मेरो विश्वास छ ।

**० तपाइँको तराई मधेश राष्ट्रिय अभियान के गर्दैछ त ?**

– हामी सदनमा छैनौं, स्थानीय निकायमा पनि छैनौं । हाम्रो काम जनचेतना निर्माण गर्ने हदसम्म मात्रै छ । धेरै मान्छेले हामीमा कुनै आकर्षण पनि देख्दैन । हामीले कहिलेकाँही आफ्ना कुराहरू राख्छौं । समय-समयमा सानोतिनो कार्यक्रमहरू गर्छौं । मान्छेले कुरो त ठिक हो तर यिनीहरूको पछाडि लागेर त माननीय, मन्त्री बन्न पाइँदैन, छोरा नातीलाई जागिर खुवाउन सकिँदैन भनेर हामीबाट टाढिन्छ । तैपनि हामी लागिरहेका छौं, एकलै वृहष्पति झुठो भनेजस्तै कुराहरू गरिरहेका छौं । एक न एक दिन हाम्रो कुरा पनि मान्छेले सुन्छन् ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# सिद्धान्तनिष्ठ नेता प्रदीप गिरी



अरविन्द कुमार यादव

नेपाली कांग्रेसका नेता प्रदीप गिरी २०५१ सालको मध्यावधि निर्वाचनमा जितेपछि एकाएक चर्चामा आउनुभयो। बौद्धिक व्यक्तित्व तथा प्रजातन्त्रका निम्ति लडेका र पुस्तौनी इतिहास भएका गिरि आफ्ना विजयलाई इगिंत गर्दै भन्नुभएको थियो - "मेरो मतभन्दा विपक्षीको मत धेरै छ। एमालेका उम्मेदवार धर्मनाथ प्रसाद साह र अन्य उम्मेदवारको मत जोडियो भने म पराजित हुन्छ। जसबाट के बुझिन्छ भने वास्तवमा हाम्रो जित भएको छैन, यो मेरो प्राविधिक जित हो। यसमा धेरै घमण्ड गर्ने कुरा आउँदैन।" उहाँको यस भनाइबाट विपक्षीहरू पनि खुशी भएका थिए। उनीहरूमा रहेको पराजित मानसिकता समाप्त भएर गयो। यो नै एउटा प्रजातान्त्रिक नेताको एउटा वडो ठूलो गुण हो। सत्यको धरातलमा रहेर आफनो अभिमत प्रकट गर्ने गिरिको झन उचाइ बढेर गयो। खसेको कूल मतको जमानत पनि बचाउन नसक्ने सांसदहरूका निम्ति ठूलो झापड़ नै भयो। झिनो मतले निर्वाचित भएकाहरूमा घमण्डको तापमान घटेर गयो।

२०५१ सालमा एमालेको अल्पमतको सरकार बनेपछि सर्वत्र एमालेकरण हुन थाल्यो। त्यसैवेला गिरिले सिरहाको चन्द्र मा. वि. मा आयोजित आमसभालाई संवोधन गर्दै भन्नुभएको थियो। "मनमोहन अधिकारी शिखण्डी हुन्। पुड्के माधव कुमार नेपाल भ्रष्टाचारी हुन्।" उहाँका सो भनाई त्यतिबेला निकै नै चर्चित भएको थियो। आफना विपक्षीको हृदयमा पनि खुशी संचार गर्न सक्ने खुबी भएका नेता हुन् गिरि।

२०५६ को आमचुनावमा गिरी पराजित हुनुभो। जसमा नेपाली कांग्रेसकै प्रत्यक्ष अन्तरघात नै पराजयको कारण भयो। भावी प्रधानमंत्रीका उम्मेदवार भएका कृष्णप्रसाद भट्टराई उहाँको निर्वाचन क्षेत्रमा गएर आगामी गठन हुने सरकारमा गृहमंत्री बनाउने घोषणा नै गरेका थिए। तर तात्कालिन पार्टी सभापति गिरिजाप्रसाद कोइराला भट्टराई खेमाका सम्पूर्ण उम्मेदवार हराउन ठुलै षड्यन्त्र नै गरेका थिए। जसका कारण धनुषाका काँग्रेस उम्मेदवार विमलेन्द्र निधि पनि पराजित भएका थिए। तर गिरिले आफनो पराजयले मंत्री बन्नबाट रोक्केकोमा खुशी नै प्रकट गरेका थिए। म मंत्री बन्न चाहन्न। मेरो हारले मेरो इच्छा पूरा गरिदियो। गिरिको सो भनाइबाट सधैं मंत्री बन्न लालायित हुनेहरू झसंग भए। उहाँ भने धन्यवादका पात्र भइदिनुभो।

२०५७ सालमा नेपाली काँग्रेसको महाधिवेशन हुँदै थियो। त्यसैक्रममा गिरिले जनकपुरधामको तिरहुतिया गाछीमा आयोजित देउवा खेमाको आमसभालाई संवोधन गर्दै भन्नु भएको थियो-"जिल्ला सभापति भएपछि केन्द्रीय सदस्य बन्न मन लाग्छ, केन्दीय सदस्य भएपछि महामंत्री बन्न मनलाग्छ, महामंत्री भएपछि पार्टी सभापति बन्न मन लाग्छ र सभापति भएपछि सभापति र प्रधानमंत्री दुबै बन्न मनलाग्छ "। यो उहाँको गिरिजा प्रसाद कोइरालातिरको ठुलो व्याङ्गय नै थियो। वास्तवमा गिरिजाप्रसाद कोइराला सधैं आफु नै पार्टी सभापति र प्रधानमंत्री बन्न खोजे। जसबाट देश, जनता र पार्टीलाई ठुलो नोक्सानी नै भयो। गिरिको यस भनाइबाट कोइराला पक्षधर मर्माहत नै भएका थिए।

२०६३ को माघमा मधेश आन्दोलन भयो। मधेश विद्रोहका नायक उपेन्द्र यादव एकाएक राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा एउटा परिचित नाम हुन गयो। उपेन्द्र यादव भारतमा जादाँ प्रदीप गिरिले उहाँलाई भारतीय नेताहरूलाई भेटघाट गराउन र मधेशको आवाजलाई अन्तर्राष्ट्रिय रूपमा परिचित गराउन ठुलो भूमिका नै खेल्नु भएको थियो। एकातिर नेपाली काँग्रेसको सरकारले मधेश आन्दोलन दबाउन लागेका थिए भने अर्कोतिर त्यसै पार्टीका एउटा केन्द्रीय सदस्य मधेशी आन्दोलनका नेतृत्वकर्तालाई प्रत्यक्ष सहयोग गर्नु कम चुनौतीपूर्ण काम थिएन। तर गिरिले सो चुनौतिलाई साहसपूर्वक झेलेर देश र दुनियाँलाई देखाइदिए। जसबाट उहाँप्रति मधेशको जनतामा अति नै श्रद्धा बढेर गयो। मधेशमा जन्मेर मधेशकै निम्ति केही गर्न सक्नु उहाँको इच्छा केही हदसम्म जरूर पूरा भयो। तात्कालिन मधेशी जनअधिकार फोरम नेपालका कार्यकर्ताहरूले प्रदीप गिरि फोरम पार्टीमा आउने भविष्यवाणी समेत गरेका थिए। धेरै काँग्रेसी नेताहरू फोरममा आए पनि, तर गिरि पार्टी परिवर्तन नगरेर मधेशी जनताको पक्षमा उभिरहे। मधेशीको आवाज कसैले नदबाउन भनेर मधेशीलाई सधैं सचेत गरिरहे।

२०७२ असोज ३ गते नेपालको संविधान २०७२ जारी भयो। जतिबेला मधेश आन्दोलनको रापतापले जलिरहेका थिए। विश्वको सर्वोत्कृष्ट संविधानको दावा गर्नेहरू १५ दिनमै संविधान संशोधन गरे। जसले सर्वोत्कृष्ट संविधानको पोल नै खोलिदियो। पार्टी ह्वीप मानेर मधेशबाट निर्वाचित भएकाहरू लुरूलुरू हस्ताक्षर गरे। आफना जनताको पनि बेवास्ता गरे। एउटा सामान्य जनप्रतिनिधिको कर्तव्य समेत निभाउन सकेनन्। तर त्यसै नेपाली काँग्रेसका पार्टीका सांसद प्रदीप गिरिले हस्ताक्षर नगरेर एउटा अदम्य साहसको प्रदर्शन गरे। एकतिर पार्टीको ह्वीप र अर्कोतिर मधेश आन्दोलन भइरहँदा उहाँले जनताको पक्षमा निर्णय लिए। आफना सम्पूर्ण जीवन लगाएका पार्टीको ह्वीप उल्लङ्घन गर्नुलाई कम आंकन सकिदैन। जसका कारण उहाँको सद्भाव सधैं प्रशंनीय रहनेछ। मधेशमा उहाँको लोकप्रियता झन उचाइमा पुगेको छ।

मधेशकै पक्षमा संविधान बनाउने चुनावताका प्रतिबद्धता जनाएकाहरू मधेशीकै लासमाथि संविधान जारी गरे। मधेशमा शहीदको लास जलिरहेका वेला र घाइतेहरू अस्पतालको शैयामा क्रन्दन गरिरहेका बेला उनीहरू राजधानीमा दीपावली गरे। दीपावलीको अनर्थ केवल प्रदीप गिरिले बुझे। जनतामारा संविधानमा हस्ताक्षर नगरेर मधेशी, जनजाति, आदिवासी र मुस्लिम वर्गको असल हितैपी भए। आफनो दूरदर्शिताको प्रदर्शन गरे। जनताभन्दा ठूलो पार्टी हुनै नसक्ने कुराको प्रमाणित गरेर देखाइदिए। अहिले नेपाली काँग्रेस संविधान संशोधनका अलाप अलापिरहेका छन्। आखिर पार्टी प्रदीप गिरिकै लाइनमा आउन बाध्य भए।

२०७४ मंसिर २१ मा आमचुनाव सम्पन्न भयो। प्रदीप गिरि नेपाली काँग्रेसको तर्फबाट सिरहा जिल्लाबाट संघीय संसद सदस्यमा विजयी भए। उहाँलाई पार्टी ह्वीप उल्लङ्घन गरेकोले कारबाही भएन। सजिलै पार्टीको टिकट पनि पाए। मधेशबाटै निर्वाचित



पनि भएन। तर मधेशी जनताको आवाजभन्दा पार्टी ह्वीप ठुलो मानेर मधेश विरोधी संविधानमा हस्ताक्षर गर्नेहरू टिकट पाएर पनि आफनो जमानतसम्म पनि बचाउन सकेन, कतिले त टिकट पनि पाएन, कति नेता त डरले चुनाव लडन पनि अस्वीकार गरे। मधेशी मानेर पार्टीले मधेशमा उम्मेदवार भएकाहरू मधेशमै नराम्ररी नै पराजयको दु:खद पीडा भोगे। जनताविरूद्ध हस्ताक्षर गर्नेहरू नाङ्गोधार सावित भए। यसरी गिरिबाट उनकै नेता कार्यकर्ताहरू पनि धेरै कुरा सिक्न सक्छन्। उनको चतुयाइ र अडान नबुझनेहरू अहिले पश्चाताप गरिरहेका छन् होला। तर उहाँको लोकप्रियता झन झन बढ्दै गइरहेका छन् मधेशमा।

नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाली काँग्रोस पार्टीले धेरै दु:ख गरेका छन्। जसका कारण नेपाली जनता काँग्रेसलाई नै पटक पटक सरकार बनाउने जनादेश दिए। तर काँग्रेस नेतृत्व सधैं जनताको भावनामाथि कुठाराघात गरे। पटक पटक अर्थमंत्रीको जिम्मेवारी पाएका डा. रामशरण महत कहिल्यै पनि जनप्रिय बजेट ल्याउन सकेनन्। खास गरेर त तल्लो स्तरका कर्मचारीहरू ज्यादै नै पिडित भए। कारण सबै कर्मचारीको तलव बढाउदा प्रतिशतमा एकरूपता कायम गर्दा तल्लो स्तरका कर्मचारीको तलब कम बढ्ने र महँगी बराबर नै भएकाले उनीहरू पीडित भएका हुन। जसको विरोध संसद प्रदीप गिरिले खुलेआम भनेका थिए कि-"कांग्रेसले जनतालाई केही दिन सकेन भने जनताले किन कांग्रेसलाई मत दिन्छ।" उहाँ जस्तो निर्भिकता भएको नेता भेटन कठिन छ काँग्रेसमा।

नेपाली काँग्रेस पार्टी सता र भताले नै जर्जर बनेका पार्टी हुन। काँग्रेसका निम्ति सता बाँदरको हातमा नरिवल जस्तै सावित भयो। नेपाली काँग्रेस अब मुदाविहिन पार्टी जस्तै भएका छन्। प्रदीप गिरिजस्तै केही इमान्दार नेताका कारण नै काँग्रेस पार्टीको केही अस्तित्व बाँकी रहेका छन्। वी.पी.को प्रजातान्त्रिक समाजवादको पूर्नमुल्याङ्कन हुने अवस्था आइसकेको छ। संवैधानिक राजतन्त्र र वहुदलीय प्रजातन्त्रको खोल ओढेर काँग्रेस अगाडि बढन सकदैन। प्रदीप गिरि जस्ता सिद्धान्तनिष्ठ नेताको नेतृत्वमा काँग्रेस पुर्नसंगठित हुनु आवश्यक छ। जनताको भावना बुझने नेता सबैको प्यारो हुन्छ।

नेपाली काँग्रेसको वर्तमान नेतृत्वबाट केही आशा गर्नु बेकार नै हुन्छ। शेरबहादुर देउवा पार्टीको दोस्रो दर्जा (Second Class) का लायक नेता मात्र हुन। देउवा सधैं गिरिजाप्रसादको नक्कल गरिरहे, तर देश, काल र परिस्थिति बुझ्न सकेन्। गिरिजा प्रसाद कोइराला २०५१ मा मध्यावधि निर्वाचन घोषण गराएर निर्वाचन सम्पन्न पनि गरे। तर देउवा २०५८ सालमा मध्यवाधि घोषणा गरेर उल्लु सावित भए। कारण देशको परिस्थित २०५१ को जस्तो २०५८ मा थिएन। माओवादी जनयुद्ध उत्कर्षमा थियो। भरखरै दरबार हत्याकाण्ड भएको थियो। त्यसको विचार नगरिकनै देउवा मध्यावधि निर्वाचन घोषणा गरेका थिए। प्रदीप गिरि देउवा खेमाकै आमसभालाई संवोधन गर्दै देउवाप्रति पनि व्यग्य प्रहार गर्थे। देउवा सरकारले तपाईलाई केही दिइको छैन भने कि मत दिने देउवालाई भनेर भन्नुहुन्थेया। जनकपुरकै आमसभामा खुमबहादुर खडका र विजय कुमार गच्छदार देउवा खेमाको आमसभामा पुगे र देउवालाई समर्थन जनाउदा गिरिले खडका र गच्छदारलाई गिरिजाप्रसादको हनुमान र अंगदको संज्ञा दिनुभएको थियो। जुन कुरा अधिवेशनभरि चर्चामा रह्यो।

नेपाली काँग्रेस प्रजातान्त्रिक पार्टी भए पनि उनमा आन्तरिक प्रजातन्त्रको सधैं अभाव रह्यो। आन्तरिकरूपमा प्रजातान्त्रिक अभ्यास नगरेर काँग्रेस दुनियाँलाई प्रजातन्त्रको शिक्षा दिइरहयो। प्रदीप गिरि जस्ता नेताहरूले पार्टीको आन्तरिक प्रजातान्त्रिक अभ्यासमा नै जोड दिइरहे। जसका कारण उहाँ पटक पटक अन्तरघातका शिकार हुनपुगे। काँग्रेसले कहिल्यै पनि आन्तरिक शुद्धीकरण अभियान चलाएन, सता र भता पाएर केही नेता कार्यकर्ताहरूले पार्टीलाई हुनसम्म बदनाम गराए। तर उनीहरू सधैं गिरिजा लवि र देउवा लवीका नाममा बाँचिरहे जसको उदाहरणको रूपमा खुमबहादुर खडका, गोविन्दराज जोशी र चिरंजीवी वाग्लेलाई लिन सकिन्छ। खडका, जोशी र वाग्लेलाई सर्वोच्च अदालतले भ्रष्टाचारी प्रमाणित गरेर जेलको सजाय पनि कटाए। तर उनीहरूलाई नेपाली काँग्रेस पार्टीको साधारण सदस्यताबाट खारेज गरिएनन्। जसका कारण पार्टी भष्टाचारीहरूको पार्टीमा परिणत भइदिदा पनि काँग्रेस नेतृत्वको कानमा बतास पुगेन। पार्टीमा आन्तरिक प्रजातान्त्रिक अभ्यास र प्रजातन्त्रको सुदृढीकरणमा प्रदीप गिरि एक्लो वृहस्पति भए। उनलाई साथ दिनेहरू पनि सिद्धान्तको मामिलामा कमजोर सावित भए। एकमात्र प्रदीप गिरि नेपाली काँग्रेस भित्र र बाहिर सिद्धान्तनिष्ठ नेताको रूपमा आफना परिचय बनाएर राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा उदयमान नेताको रूपमा रहेका छन्। देश र जनता उहाँमाथि ठुलो भरोसा लिएर बसेका छन्। जो सार्थक होस् भन्ने कामना गर्दछु।

## मधेश अपडेट

### पत्रकारिता पुरस्कारका लागि अक्षयकोष स्थापना

सर्लाही। मधेशवादका प्रणेता स्व.गजेन्द्र नारायण सिंहको नामबाट पत्रकारिता पुरस्कारका लागि अक्षयकोष स्थापना गरिएको छ। 'मधेश आन्दोलन र मधेशवादको विकासक्रम' विषयमा विद्यावारिधि गरेका मधेश मिडिया हाउसका अध्यक्ष डा. राजेश अहिराजले सर्लाहीमा 'गजेन्द्र नारायण सिंह स्मृति पत्रकारिता पुरस्कार' का लागि अक्षयकोष स्थापना गराएका हुन्। डा. अहरिराजले गजेन्द्र नारायण सिंह स्मृति पत्रकारिता पुरस्कारका लागि स्थापना गरिएको अक्षयकोषमा रू.५१ हजार प्रदान गरेका हुन्। नेपाल पत्रकार महासंघ सर्लाहीका अध्यक्ष विश्वनाथ ठाकुरलाई डा. अहिराजले सो रकम हस्तान्तरण गरेका हुन्। महासंघको स्थापना दिवसको अवसरमा समानता, समन्याय र साझापनाका लागि कलम चलाउने सर्लाहीका पत्रकारलाई सम्मान स्वरूप पुरस्कार दिनका लागि अक्षयकोष स्थापना भएको महासंघ सर्लाहीका अधयक्ष ठाकुरले जानकारी दिएका छन्। डा.अहिराजले यो अक्षयकोषको सदुपयोग र वृद्धि हुँदै जाने विश्वास व्यक्त गरेका छन्।

### "रामचन्द्र मिश्र स्मृति पत्रकारिता पुरस्कार" स्थापना

जनकपुर। मधेश मिडिया हाउसका अध्यक्ष डा.राजेश अहिराजले नेपाल पत्रकार महासंघ महोत्तरी शाखामा 'रामचन्द्र मिश्र स्मृति पत्रकारिता पुरस्कार' स्थापना गरेका छन्। महासंघ महोत्तरी शाखाका अध्यक्ष कमलेश मण्डललाई मंगलबार डा. अहिराजले रू.५१ हजार हस्तान्तर गर्दै अक्षयकोष स्थापनाका साथ पुरस्कार स्थापना गरेका हुन्। सो रकम नेपाल पत्रकार महासंघ शाखाको बैंक खातामा १० वर्षको लागि अक्षयकोष स्थापना गरेका हुन्। अक्षयकोषबाट वार्षिक रूपमा आउने ब्याजको रकमबाट प्रत्येक वर्ष महोत्तरीबाट मधेशको हकहितका लागि समाचार लेख्ने तथा मधेश मामिलामा कलम चलाउने पत्रकारलाई पुरस्कृत गरिने महोत्तरी शाखाका अध्यक्ष कमलेश मण्डलले बताएका छन्। विसं २०४६ मा सद्भावना परिषद्को स्थापना हुँदा सो परिषद्को संस्थापक रामचन्द्र मिश्र रहेको तथा मधेशका लागि धेरै योगदान दिएको स्मरण गर्दै डा. अहिराजले महोत्तरीमा उनकै नाउँमा पत्रकारिता पुरस्कार स्थापना गरिएको जनाएका छन्।

### अन्तर्राष्ट्रिय मैथिली सम्मेलन सम्पन्न

विराटनगर। मैथिली भाषा, संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्न विराटनगरमा दुईदिने अन्तर्राष्ट्रिय मैथिली सम्मेलन सम्पन्न भएको छ। मैथिली एसोसिएशन नेपालको आयोजनामा विराटनरमा १७औं अन्तर्राष्ट्रिय मैथिली सम्मेलन भएको थियो। मैथिली युवा पुस्ताहरूलाई प्राचीन मैथिली, कला तथा संस्कृतिप्रति अभिरूची बढाउनुको साथै भ्रमण वर्ष सन् २०२० लाई सफल बनाउन उद्देश्यका सो सम्मेलनमा मैथिली भाषा, संस्कृति, रहनसहन, पहिरन लगायतका विषयहरूमा व्यापक विमर्श भएको थियो। नेपाल र भारतका मैथिली भाषाका अगुवाहरूले संस्कृति तथा भाषाको उत्थानको लागी मैथिल विद्वान तथा कवि, कलाकारसँग छुट्टाछुट्टै विचार विमर्श भएको मैथिली एसोसिएशनका अध्यक्ष प्रविण नारायण चौधरीले बताए। सम्मेलनको उद्घाटन नेपाल सरकारका उपप्रधान एवं कानुन, न्याय तथा संसदीय मामिलामन्त्री उपेन्द्र यादवले गरेका थिए।

### २५ जिल्लामा जनजागरण सभा हुने

वीरगंज। हिन्दू परिषद् नेपालको केन्द्रीय सचिवालय बैठक वीरगंजमा सम्पन्न भएको छ। केन्द्रीय अध्यक्ष संतोष पटेलको सभापतित्वमा सम्पन बैठकले पुस महिनामा २५ जिल्लामा जनजागरण सभा गर्ने निर्णय गरेको छ। जिल्ला जिल्लामा सरोकरवालाहरूसँग अन्तरक्रिया, संगठन विस्तार, धार्मिकस्थल अवलोकन एवं पूजापाठ, समान उद्देश्य बोकेको संघ-संस्थासँग समन्वय एवम् सहकार्य गर्ने र हिन्दू राष्ट्रका लागि राष्ट्रिय गठबन्धन निर्माण गर्ने र माघ महिनामा हिन्दू परिषद नेपालको राष्ट्रिय सम्मेलन काठमाडौमा गर्ने बैठकले निर्णय गरेको केन्द्रिय महासचिव अनिरूद्ध सिंहले बताए। पुस १० गते रौतहट, ११ गते बारा, १२ गते पर्सा, १३ गते सर्लाही, १४ गते महोत्तरी र सिन्धुली, १५ गते धनुषा, १६ गते सिरहा र उदयपुर, १७ गते सप्तरी, १८ गते सुनसरी, १९ गते मोरंङ र झापा, २२ गते मकवानपुर, २३ गते चितवन, २४ गते नवलपरासी, २५ गते रूपन्देही र पाल्पा, २६ गते कपिलवस्तु, २७ गते दाङ र सुर्खेत, २८ गते बाँके र बर्दिया, २९ गते कैलाली र कंचनपुरमा हिन्दू परिषद् नेपालले कार्यक्रम गर्ने बैठकले तय गरेको छ। हिन्दू परिषद् नेपाल हिन्दू राष्ट्रका लागि २०७२ सालदेखि नै संघर्ष गर्दै आइरहेको छ।

### थारू कल्याणकारिणीको नगर समिति गठन

कमल चौधरी, कपिलवस्तु। कपिलवस्तुमा बाणगंगा नगरपालिका थारू कल्याणकारिणी नगर समिति एक कार्यक्रमका बीच बुधबार शिवरात्री मेला स्थाल हथौसमा गठन भएको छ। थारू कल्याणकरिणी जिल्ला सभापति उमा शंकर थारूको अध्यक्षता, बाणगंगा नगरपालिका नगर प्रमुख मंगल प्रसाद थारूको प्रमुख अतिथ्यता तथा था.क.स.का केन्द्रीय सदस्यद्वय जंजीर प्रसाद थारू र सुमित्र कुमारी थारूको विशिष्ट अतिथ्यतामा भग्गु थारूको अध्यक्षतामा २१ सदस्य नयाँ कार्य समिति गठन भएको हो। जसको उपाध्यक्षमा ऋषिराम थारू, रिना थारू र नाथुराम थारू सर्वसहमतीबाट चयन भएका छन्। त्यस्तै सचिवमा श्रीराम थारू, कोषाध्यक्षमा गोविन्द थारू, सह-सचिवमा सृजना थारू चयन भएका हुन्। त्यसैगरी सदस्यहरूमा सुर्य नारायण थारू, उदयराज थारू, सोनमति थारू, सावित्री थारू नोखे थारू, राम बचन थारू, भग्गु थारू, राम प्रसाद थारू, जुना थारू, नुमलाल थारू, रंजिता थारू, राम मिलन थारू, सरिता थारू र मञ्जु थारू सर्वसहमतिबाट चयन भएका छन्।

### "भ्रष्टाचार व्यापक बढ्यो"

धनगढी। कैलालीको स्थानीय तहहरूमा व्यापक भ्रष्टाचार भएको नेपाली काँग्रेसले आरोप लगाएको छ। सो पार्टीले अनुगमन प्रतिवेदन सार्वजनिक गर्दै स्थानीय तहमा धेरै भ्रष्टाचार भएको आरोप लगाएको हो। स्थानीय सरकार गठन भएको मितिले हालसम्म भए/गरेका कामलाई नेपाली काँग्रेसले अनुगमन गरेको थियो। अनुगमनबाट प्राप्त विवरण अनुसार स्थानीय तहहरू भ्रष्टाचारमा डुबेको सो पार्टीको ठहर छ। काँग्रेसले गौरीगङ्गा नगरपालिका, घोडाघोडी नगरपालिका, भजनी नगरपालिका, गोदावारी नगरपालिका, कैलाली गाउँपालिका, चुरे र जानकी गाउँपालिकामा अनियमितता भएको प्रतिवेदन सार्वजानिक गरेको हो।

### अतिक्रमित घर-टहरा हटाउन निर्देशन

रूपन्देही। प्रदेश ५ सरकारका दुई मन्त्रीले निर्माणाधीन बेलबास-बेथरी सडकको अवलोकन गरेका छन्। प्रदेश सरकारका प्रवक्ता एवं भौतिक, पूर्वाधार विकासमन्त्री बैजनाथ चौधरी र उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री लीला गिरीले निर्माणधीन उक्त पर्यटकीय सडकको अवलोकन गरेका हुन्। सडक आयोजना अवलोकनपछि पत्रकारहरूसँग कुराकानी गर्दै भौतिक, पूर्वाधार विकासमन्त्री चौधारीले स्थानीय तहलाई अतिक्रमित घर हटाउन निर्देशन दिइएको भन्दै साइट क्लियर गरेपछि मात्र सडक निर्माण सहज हुने बताए।




बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं, शिक्षा दिएर असल नागरिक बनाऔं, चर्पीमा मात्र दिसापिसाब गराऔं, गाउँघरलाई सफा र स्वच्छ राखौं।

मटिहानी नगरपालिका
महोत्तरी

# संविधानमा सुधारका विषय अध्ययन गर्न समिति गठन गर्ने सम्बन्धमा उपेन्द्र यादवको प्रस्ताव

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
विषय : नेपालको संविधानमा संशोधन, परिमार्जन एवं सुधार गर्नुपर्ने विषय अध्ययन गर्न समिति गठन गर्ने सम्बन्धमा

१. विषयको संक्षिप्त व्यहोरा : नेपालको संविधान कार्यान्वयन भएको चार वर्ष व्यतित भैसकेको छ। अब संविधान कार्यान्वयनको अहिलेसम्मको अनुभवको आधारमा नेपालको संविधानलाई गणतन्त्र, संघीयता, समावेशी लोकतन्त्रको मर्म र भावना अनुरूप अझ बढी परिस्कृत र सुधार गर्दै लैजाने र संविधानको कार्यान्वयनलाई अझ बढी प्रभावकारी बनाउनु पर्ने देखिएको छ। संविधानको कार्यान्वनको यस अवधिमा संविधानको अनुसूचीमा रहेका संघ, प्रदेश तथा स्थानीय तहको एकल अधिकार र साझा अधिकारको सूचीका विषयहरूलाई हाम्रो संघीयताको मूल मान्यता अनुरूप अझ बढी स्पष्ट गर्नुपर्ने देखिएको छ। तीन तहको अन्तर सम्बन्धलाई सैद्धान्तिक र व्यवहारिक रूपमा व्यवस्थित गर्न आवश्यक भएकोछ। संविधानमा कतिपय व्यवस्थाहरू मसौदाको दृष्टिले परिमार्जन गर्नु पर्ने वा कतिपय व्यवस्थाहरूमा रहेका अन्तरविरोधहरूलाई मिलाउनु पर्ने भएकोछ। यिनै विषयहरूलाई संवोधन हुने गरी संवैधानिक कानूनका विज्ञहरूवाट नेपालको संविधानमा (संशोधन, परिमार्जन र सुधार गर्नु पर्ने विषयमा अध्ययन गराई प्रकृया अघि बढाउन उपयुक्त देखिएकोले नेपालको संविधानमा गर्नपर्ने सधार र संशोधनका विषयहरू पहिचान गरी संशोधनको मस्यौदा पेश गर्न एक विज्ञ समिति गठन गर्न आवश्यक भएकोछ।

२. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुरा :
X

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिस :
नेपालको संविधानको कार्यान्वयनका चारवर्षको अनुभवको आधारमा संघीयता, गणतन्त्र र समावेशी लोकतन्त्रका मूल आधार र मान्यताहरूलाई अझ कारगर रूपमा कार्यान्वयन गर्ने र प्राविधिक रूपमा समेत परिस्कृत र सुधार गर्न नेपालको संविधानमा गर्नुपर्ने सुधार र संशोधनका विषयहरू पहिचान गरी संविधान संशोधनको मसौदा नेपाल सरकार समक्ष पेश गर्न सवैधानिक कानूनका विज्ञहरू रहेको एक समिति गठन गर्ने सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न आवश्यक भएकोले नेपाल सरकार कार्यसम्पादन नियमावली, २०६४ को अनुसूची १ को विषय संख्या ४२ बमोजिम यो प्रस्ताव पेश गरेको छु।

४. निर्णय हुनु पर्ने व्यहोरा : नेपालको संविधानमा संशोधन, परिमार्जन र सुधारका विषय अध्ययन गर्न यसैसाथ संलग्न भए बमोजिमको कार्यक्षेत्रगत शर्तहरू रहेको समिति गठन गर्ने।

नेपालको संविधानमा सुधारका विषय अध्ययन गर्न समिति गठन गर्ने सम्बन्धमा

१. विज्ञ समितिको गठन
नेपालको संविधान कार्यान्वयन भएको चार वर्ष व्यतित भैसकेको छ। यसबीचमा तीनतहका सरकार गठन भएका छन्। संविधानले निर्दिष्ट गरे बमोजिमको



तीनतहका सरकारलाई संविधानले प्रदान गरेको अधिकार बमोजिम क्रियाशील बनाउनु पर्ने भएको छ। हामी अब वास्तविक अर्थमा संविधान र संघीयता कार्यान्वयनको चरणमा प्रवेश गरेका छौं। यो कार्यान्वयन प्रकृयालाई सहज बनाउन संविधान कार्यान्वयनको अहिलेसम्मको अनुभवको आधारमा नेपालको संविधानलाई गणतन्त्र, संघीयता, समावेशी लोकतन्त्रको मर्म र भावना अनुरूप अझ बढी परिस्कृत र सुधार गर्नुपर्ने देखिएको छ। संविधानको कार्यान्वनको यस अवधिमा संविधानको अनुसूचीमा रहेका संघ, प्रदेश तथा स्थानीय तहको एकल अधिकार र साझा अधिकारको सूचीका विषयहरूलाई हाम्रो संघीयताको मूल आधार सहकारिता, सहअस्तित्व र समन्वयको मान्यता अनुरूप अझ बढी स्पष्ट गर्नुपर्ने देखिएको छ। तीन तहको अन्तर सम्बन्धलाई सैद्धान्तिक र व्यावहारिक रूपमा व्यवस्थित गर्न आवश्यक भएको छ। संविधानमा कतिपय व्यवस्थाहरू मसौदाको दृष्टिले परिमार्जन गर्नुपर्ने वा कतिपय व्यवस्थाहरूमा रहेका अन्तरविरोधहरूलाई मिलाउनु पर्ने भएको छ। यिनै विषयहरूलाई संवोधन हुने गरी संवैधानिक कानूनका विज्ञहरूबाट नेपालको संविधानमा सुधार गर्नु पर्ने विषयमा अध्ययन गराई सुधार प्रकृया अघि बढाउन उपयुक्त देखिएकोले नेपालको संविधानमा गर्नुपर्ने सुधार र संशोधनका विषयहरू पहिचान गरी संशोधनको मस्यौदा पेश गर्न एक विज्ञ समिति गठन गर्न आवश्यक भएकोछ। यसै बमोजिम नेपालको संविधानमा सुधार गर्नु पर्ने विषयहरू पहिचान गरी संशोधनको मस्यौदा समेत तयार गरी नेपाल सरकार समक्ष सुझाव पेश देहाय बमोजिमको एक विज्ञ समिति गठन गर्ने :

(क) नेपालको ख्यातिप्राप्त संविधानविद् वा सर्वोच्च अदालतका पूर्व न्यायाधिशमध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति - अधाक्ष अध्यक्ष,
(ख) अध्यक्ष, नेपाल कानून आयोग – सदस्य
(ग) उपाध्यक्ष, नेपाल कानून आयोग – सदस्य
(घ) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले तोकेको संविधानविद तीन जना – सदस्य
(ङ) कानून सचिवहरूमध्येवाट मन्त्रालयले तोकेको सचिव – सदस्य सचिव

२. कार्यक्षेत्रगत शर्तहरू :
(क) पहिचानमा आधारित संघीय प्रणाली, निर्वाचन प्रणाली, शासकीय स्वरूप, समानुपातक
समावेशी, संघ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकार लगायतका विषयहरूलाई सम्बंधन गर्न र नेपालको संविधानमा रहेका कतिपय व्यवस्थालाई गणतन्त्र, संघीयता, समा शी लोकतन्त्रको मर्म र भावना अनुरूप तीन तहका सरकारहरू व्यवस्थित रूपमा सञ्चलन गर्न, संविधानको अनुसूचीमा रहेका संघ, प्रदेश तथा स्थानीय तहको एकल अधिकार र साझा अधिकारको सूचीका विषयहरूलाई हाम्रो संघीयताको मूल आधार सहकारिता, सहअस्तित्व र समन्वयको मान्यता अनुरूप अझ बढी, स्पष्ट गर्नस संविधानमा रहेका अन्तरविरोधपूर्ण व्यवस्थाहरू हटाउन र प्राविधिक रूपमा तर्जुमाका दृष्टिले परिमार्जन गर्नु पर्ने विषय र त्यसका आधार कारण र पृष्ट्याई सहितको विवरण तयार गरी नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय समक्ष सुझाव पेश गर्ने।
(ख) खण्ड (क) बमोजिमका सुझावका आधारमा संविधान संशोधनको लागि आवश्यक मस्यौदा समेत तयार गरी नेपाल सरकार समक्ष पेश गर्ने।

३. कार्यावधि : नेपालको संविधानमा संशोधन, परिमार्जन र सुधार गर्नु पर्ने विषयमा अध्ययन गर्न गठित समितिको कार्यावधि सो समितिको पहिलो बैठक बसेको मितिले चार महिना हुनेछ।

४. समितिका अध्यक्ष तथा सदस्यले पाउने सुविधा : नेपालको संविधानमा सुधार गर्नु पर्ने विषयमा अध्ययन गर्न गठित समितिका अध्यक्ष तथा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले तोकेको सदस्यले नेपाल सरकाले तोकिदिए बमोजिमको वैठक भत्ता तथा यातायात भत्ता पाउने छन् र सो बाहेकका अन्य सदस्यले सो समितिको बैठक कार्यालय समय वाहेकको समयमा बस्नु परेको अवस्थामा नेपाल सरकारले तोके बमोजिमको बैठक भत्ता पाउने छन्।

५. समितिको सचिवालय तथा कर्मचारी : संविधानमा सुधारका विषय अध्ययन समितिको सचिवालय मन्त्रालयमा रहने र सचिवालयको लागि आवश्यक कर्मचारी व्यवस्था गरिनेछ। समितिको बैठक भत्ता लगायत सचिवालयको लागि आवश्यक खर्च मन्त्रालयले माग गरेपछि अर्थ मन्त्रालय पाट निकासा हुनेछ।

२०७६।०९।०७
उपेन्द्र यादव
उपप्रधानमन्त्री एवं कानून, न्याय तथा संसदीय मामिला मन्त्री

# राजपाद्वारा भारतीय राजदूतलाई बिदाइ

काठमाडौं। राष्ट्रिय जनता पार्टी नेपालको अध्यक्षमण्डलका संयोजक राजेन्द्र महतोले नेपालका लागि भारतीय राजदूत मञ्जिव सिंह पुरीको कार्यकाल अत्यन्तै सफल र महत्वपूर्ण भएको बताएका छन्। राजदूत पुरीको कार्यकालमा नेपाल र भारतबीचको सम्बन्ध नयाँ उचाइमा पुगेको टिप्पणी गरेका छन्। राजपा नेपालले आइतबार दरबारमार्गस्थित पाँचतारे होटल याक एण्ड यतीमा राजदूत पूरीको बिदाइका लागि आयोजित गरेको एक विशेष समारोहमा संयोजक महतोले यस्तो बताएका हुन्। नेपाल र भारतबीचको सम्बन्धलाई थप उचाईमा पुर्‍याउन राजदूत पुरीको भूमिका सराहनीय रहेको भन्दै राजपा संयोजक महतोले खुलेरै प्रशंसा गरेका छन्।



राजदूत पुरीले नेपाल एउटा विकासशील मुलुक रहेको बताउँदै जहिले पनि भारतको साथ र सहयोग रहने बताएका छन्। सो कार्यक्रममा राजदूत पुरीले नेपाल र भारत जस्तो सम्बन्ध विश्वमा उदाहरणीय रहेको बताए। उनले एक छिमेकीले अर्को छिमेकीको हरेक सुख-दुखमा साथ र सहयोग गर्दै आएको बताए।

आफ्नो कार्यकाल एकदमै सुखद भएको अनुभव सुनाउँदै राजदूत पुरीले भने, 'यो अवधिमा नेपाल र भारतबीचको सम्बन्ध थप मजबुत र सुमधुर भएको मैले महसुस गरेको छु।' राजपा नेपालबारे आफ्नो धारणासमेत उनले व्यक्त गरेका थिए। उनले आफू नेपाल आएको बेला ६ दल मिलेर राजपाको निर्माण भएको बताए। धेरै कम समयमा राजपाले निकै उपलब्धि हासिल गरेको पनि बताए।

बिदाई समारोहमा राजपा नेपालका अध्यक्षमण्डलका नेताहरू राजेन्द्र महतो, महन्थ ठाकुर, महेन्द्र यादव, शरतसिंह भण्डारी, अनिल झा, राजकिशोर यादव, संघीय सांसद, प्रदेश सभा सदस्य, केन्द्रीय पदाधिकारी लगायतले शुभकामना दिएका थिए। राजपा नेपालका अध्यक्षमण्डलका नेता, संघीय सांसद, प्रदेश सभा सदस्य, केन्द्रिय पदाधिकारीहरूले राजदूत पुरीलाई मायाको चिनोसमेत प्रदान गरेका थिए।


# सर्वसाधारणमा अनुरोध

विवाहमा लेनदेन गर्ने तथा दाइजोको कारण सताउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा ५० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने भएकोले त्यस्ता अमानवीय काम नगरौं/नगराऔं। मञ्जुरीबिना भएको विवाह, हाडनातामा भएको विवाह, बालविवाह, बहुविवाह गर्नु/गराउनु अपराध हो। त्यसैले यस्ता क्रियाकलाप नगराऔं/नगरौं। भेदभाव, छुवाछूत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै हुने भएकोले कसैसँग यस्ता व्यवहार नगरौं।

आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा, नेपाल


## संक्षिप्त समाचार

### बाल मन्दिरमा कम्बल वितरण

मलंगवा। बढ्दै गएको चिसोबाट बच्नका लागि सर्लाहीको मलंगवामा रहेको बाल मन्दिरमा कम्बल वितरण गरिएको छ। मधेश मामिलाका जानकार तथा मधेश मिडिया हाउसका अध्यक्ष डा. राजेश अहिराजले सोमबार बाल मन्दिरमा कम्बल हस्तान्तरण गरेका हुन्। बाल मन्दिरमा १२ जना अनाथ बालबालिकाहरू छन्। चिसोका कारण प्रभावित भइरहेका बालबालिकाहरूका लागि डा. अहिराजले बाल मन्दिरलाई कम्बल सहयोग गरेको बताएका छन्। प्रत्येक वर्ष चिसोका कारण तराई मधेशको जनजीवन प्रभावित हुँदै गइरहेको छ। चिसोबाट सबभन्दा बढी प्रभावित बालबालिका र वृद्धवृद्धा हुने गरेका छन्।

### थारू बाजा र ढकिया बुन्ने तालिम सम्पन्न

कपिलवस्तु। सिप, कला संस्कृतिलाई व्यवसायीकरण गर्दै आर्थिक अयआर्जनको पेशा संग जोडेर अगाडी वढ्न आवश्यक रहेको प्रदेश सांसद विष्णु पन्थिलले बताए। बाणगंगा-८ ढोडेकोलमा २ गतेबाट सुरू भएको थारू समुदायको परम्परागत सिप विकास (थारू बाजा र ढकिया बुन्ने तालिम) को समापन कार्यक्रममा बोल्दै उनले यस्तो भनेका हुन्। थारू समुदाय भित्र रहेको मौलिक कला संस्कृतिहरू लोप हुने संघरमा पुगेको बताउदै थारू समुदाय क्रियाशिल भएर आफ्नो भाषा, संस्कृति र पहिचान जोगाउन लाग्नुपर्ने बताए। वर्षौदेखि प्रयोग र जिवीकोपार्जन गर्दै आएका परम्परागत लोक कला संस्कृति, सीपहरू नयाँ पुस्तामा सीप हस्तान्तरण गर्नुपर्ने सांसद पन्थिको भनाई रहेको छ।

### नेपाल प्रहरीको प्रवक्तामा शैलेश थापा क्षेत्री

काठमाडौं। प्रहरी प्रधान कार्यालय प्रहरी महानिरीक्षकको सचिवालयका प्रहरी नायव महानिरीक्षक शैलेश थापा क्षेत्रीलाई नेपाल प्रहरीको केन्द्रीय प्रहरी प्रवक्ता तोकिएको छ। नेपाल प्रहरीद्वारा सम्पादित जनसरोकारका काम कारबाहीलाई यथार्थ तथा तथ्यगत रूपमा सञ्चार माध्यमहरूमा सम्प्रेषण गर्नका लागि प्रहरी नायव महानिरीक्षक थापा क्षेत्रीलाई केन्द्रीय प्रहरी प्रवक्ता तोकिएको उक्त सचिवालयले मंगलबार जनाएको छ। केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक थापा क्षेत्रीलाई मोबाइल नम्बर ९८५१२९२१११ र ईमेल ठेगाना कउयपभकउभचकयल२लभउबउियष्अिभानयखालउ मा सम्पर्क गर्न सकिने जनाइएको छ।

### धनगढी जेसिजमा पाठक

कैलाली। धनगढी जेसिजको ३७ औं शाखा अधिवेशनबाट अध्यक्षमा श्याम पाठक निर्वाचित भएका छन्। वर्ष २०२० को नेतृत्व चयनका लागि भएको निर्वाचनमा पाठक ७८ मत सहित अध्यक्ष पदमा निर्वाचित हुँदा उनका प्रतिद्धन्दी कमल पनेरूले ५३ मत ल्याएका थिए। कार्यकारी उपाध्यक्षमा रोशन भट्ट र सत्यराज जोशी निर्वाचित भए। यसैगरी उपाध्यक्षमा तर्कराज भट्ट, आशिष शाह, मनिष कुँवर र दीप रावत विजयी भए। उपाध्यक्षमा निर्वाचित कुँवर बाहेक सबै पाठक प्यानलका हुन्। बैठकले कानूनी सल्लाहकारमा शुभ ठाकुर, महासचिवमा कलेन्द्र शाही, कोषाध्यक्षमा बिनोद थापा र तालिम संयोजकमा सुरज गिरीलाई मनोनित गरेको अध्यक्ष पाठकले जानकारी दिए।

### न्यु इयर ब्यास २०२० हुने

विराटनगर। विराटनगरमा बिराटनगर सेन्ट्रल राउण्ड टेवल १५ को आयोजनामा न्यु इयर ब्यास २०२० कार्यक्रम आयोजना हुने भएको छ। यही पुष १९ गते शनिबार विराटनगरको होटेल नमस्कारमा उक्त कार्यक्रम आयोजना हुने भएको हो। बिभिन्न अन्तराष्ट्रिय र राष्ट्रिय स्तरका कलाकार सहित उक्त कार्यक्रम गरिने आयोजकले जनाएको छ। कार्यक्रममा भारतीय कमेडियन राजु श्रीवास्तव, राजु निगम, जादुगर कारण चौहान, टिकटकमा समेत लोकप्रिय चीन्की मिन्की र कलाकार श्रेया जैन लगायतको प्रस्तुति हुनेछ। सन् २०२० नयाँ बर्षको सेलिब्रेशनको लागि उक्त कार्यक्रम गर्न लागिएको आयोजकले बताएको छ।

### अटोरिक्सामा मोटरसाइकल ठोक्किँदा एकको मृत्यु

रूपन्देही। बुटवल उपमहानगरपालिका-१० स्थित सडकमा मोटरसाइकल अनियन्त्रित भई अटोरिक्सामा ठोक्किँदा एकको मृत्यु भएको छ। लु.३८ प ४९५५ नम्बरको मोटरसाइकल अनियन्त्रित भई ना.२ ह २४५१ नम्बरको अटोरिक्शामा ठोक्किएर शनिबार राति दुर्घटना हुँदा मोटरसाइकल चालक गुल्मी धुर्कोट गाउँपालिका-४ घर भई हाल रूपन्देही तिलोत्तमा नगरपालिका-२ बस्ने ३५ वर्षीय किसान परियारको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका किसानको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो। दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार देवदह नगरपालिका-१० बस्ने ३७ वर्षीय राजु परियारको सोही अस्पतालमा उपचार भइरहेको छ। दुवै सवारी साधन र अटोरिक्साका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### भारतीय रूपैयाँसहित यादव पक्राउ

मोरङ। मोरङ जिल्लाको बिराटनगर महानगरपालिका १५ स्थित भन्सार कार्यालयको २ नम्बर ढाटबाट एपीएफ टोलीले दुई लाख ७० हजार भारतीय रूपैयाँसहित एक जनलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सुनसरी जिल्लाको देवानगंज गाउँपालिका ३ बस्ने ३० वर्षिय सन्तोषकुमार यादव छन्। उनलाई सशस्त्र प्रहरी बल, नेपाल नम्बर ९ गुल्म हेक्वा मोरङबाट खटिएको एपीएफ टोलीले उक्त भारतीय रूपैयाँसहित पक्राउ गरेको हो। भारतबाट नेपालतर्फ आउँदै गरेका निज यादवलाई गस्तीमा खटिएको एपीएफ टोलीले शंका लागि जाँच गर्दा उनको साथमा पाँच सय दरको २ सय वटा, दुई सय दरको २ सय वटा र एक सय दरको १ हजार ३ सय वटा भारतीय नोट फेला परेपछि पक्राउ गरिएको हो। पक्राउ परेका यादवलाई बरामद भारतीय रूपैयाँसहित आवश्यक कारवाहीको लागि विराटनगर भन्सार कार्यालय रानीमा बुझाईएको छ।

### भ्रमण वर्ष उद्घाटनको तयारी

नेपालगन्ज। नेपाल भ्रमण वर्ष सन् २०२० लाई सफल बनाउन प्रदेश नं. ५ सरकारले तयारी थालेको छ। प्रदेश सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष सन् २०२० को प्रदेश स्तरीय शुभारम्भ कार्यक्रम प्रदेशको प्रमुख पर्यटकीय गन्तब्य बर्दियाको ठाकुरद्वारामा आयोजना गर्ने गरेको छ। प्रदेश सरकारले भ्रमण बर्षको शुभारम्भमा उद्घाटन कार्यक्रम प्रभावकारी र आकर्षक बनाउन तयारी थालेको छ। प्रदेश सरकारले नयाँ बर्ष सँगै भ्रमण वर्षको शुभारम्भको औपचारिक उद्घाटन गर्ने जनाएको छ। भ्रमण बर्षको शुभारम्भको औपचारिक उद्घाटन प्रदेश नं. ५ को उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय अन्तर्गतको भ्रमण बर्ष पर्यटन प्रवर्द्धन समितले तयारी थालेको हो।

### २२ लाख आँखाका विरामीको उपचार

नेपालगञ्ज। नेपालगञ्जस्थित फत्तेबाल आँखा अस्पतालले स्थापना भएको ३३ वर्षको अवधिमा करिब २२ लाख आँखाका बिरामीको उपचार गरेको जनाएको छ। २०४३ सालमा स्थापना भएको सो अस्पतालले हालसम्म अस्पतालमा आएका र अस्पतालबाहिर शिविर सञ्चालन गरेर २२ लाख ९२ हजार बिरामीको उपचार गरेको अस्पतालका प्रबन्धक डा. कौशलकुमार बर्मोले बताए। ३३ वर्षको अवधिमा सो अस्पतालबाट आँखाको उपचार गराउने बिरामीहरूमध्ये ६० प्रतिशत भारतीय बिरामी रहेको जनाउँदै उनले अन्य रोगका बिरामी भारत जाने चलन भए पनि आँखाका अधिकांश बिरामी भारतबाट यहाँ आउने गरेको बताए।

### कमी कमजोरी सुधार गर्न माग

जनकपुरधाम। श्री जानकी आँखा अस्पताल सुधार सङ्घर्ष समितिले अस्पतालको व्यवस्थापनमा देखिएको कमी कमजोरीलाई सुधार गर्न माग गरेको छ। जनकपुरधामको वडा नं ८ स्थित नेपाल रेडक्रसले सञ्चालन गरेको जानकी आँखा अस्पतालको व्यवस्थापन ठीक नभएको र गुणस्तरीय सेवा नदिएका कारण प्रतिदिन बिरामीको सङ्ख्यामा कमी आएको भन्दै अस्पतालले प्रदान गर्ने सेवासुविधा सुधारको माग गरिएको हो।


बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं,
गाउँघरलाई सफा र स्वच्छ राखौं।

जलेश्वरनाथ नगरपालिका
महोत्तरी

# अब बन्ने राष्ट्रिय सभाको चरित्र कस्तो ?



शमशाद आदिल

> संविधानले दिएको अधिकार उपभोग गर्न गराउनु लोकतान्त्रिक राष्ट्रको सुन्दरता हो । राष्ट्रिय सभाको एक तिहाई सदस्यको निर्वाचनले पुनः एकचोटी समावेशी समानुपातिक विरोधीहरूको पहिचान हुनेछ ।

हालै सम्पन्न उपनिर्वाचनको परिणाम वारेमा राजनैतिक दलहरूमा समीक्षा हुदै छ । उपनिर्वाचन सेलाउन न पाउदै निर्वाचन आयोगले राष्ट्रिय सभाको एक तिहाई सदस्यहरूको लागि आन्तरिक गृहकार्य शुरू गरेको छ। राष्ट्रिय सभामा सदस्यहरूको कुल सङ्ख्याको एक तिहाई सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुने संवैधानिक नियम छ । फाल्गुन २० गते देखि एक मनोनीत गरेर करीब १९ जनाको सदस्यको पद रिक्त हुने छ । उक्त रिक्त हुने स्थानको पदपूर्ति गर्न आयोगले माघ ९ गते तिर चुनाव गर्ने तयारी गर्दै छ । हाल राष्ट्रिय सभामा रहेका सदस्यहरू महिला दलित अपांग अल्पसंख्यकहरू समावेश गरि करीब हरेक प्रदेश आठ आठ जना छन् । सात प्रदेश बाट ५६ जना प्रत्यक्ष र सरकारको सिफारिसमा राष्ट्रपतिको तर्फ वाट अनिवार्य महिला सहित मनोनीत हुने तीन जना गरि जम्मा उन्नसाठी सदस्यको सभा छ ।अब दुई वर्ष पछि राष्ट्रिय सभामा एक तिहाई नयाँ चेहरा हेर्न पाइन्छ ।अबको नयाँ चेहरामा कसलाई हेर्न पाइन्छ भन्ने कुरा राजनैतिक पार्टीको कार्यालय भन्दा वाहिर चिया पसलमा समेत पूर्वानुमान हुदैछ । तर यी परिवेशमा मुस्लिम समुदायले निराशावादी को झिल्को दिएको छ । मुस्लिम बुद्धिजीवीहरूले पनि राष्ट्रिय सभाको नया चेहरालाई चर्चाको विषय बनाएका छन तर आवाज नीमोठीए जस्तै । किन भने अहिलेको वर्तमान राष्ट्रिय सभा मुस्लिम विहीन छ । मलाई याद छ २०७४ साल माघ १२ गते नेपाली कांग्रेस , एमाले र माओवादी निकट मुस्लिम संघ, इत्तिहाद संग़ठन र मुस्लिम मुक्ति मोर्चाले रिपोर्ट्स क्लब बाट संयुक्त रूपमा पत्रकार सम्मेलन गर्दै राष्ट्रिय सभामा नेपाली कांग्रेस, बाम गठबंधन , समाजवादी राजपा लगायत पार्टीहरूले मुसलमान उम्मेदवार न बनाएकोमा दुःख व्यक्त गरेका थिए । राष्ट्रिय सभा मुस्लिम विहीन हुनु भनेको मुस्लिमलाई भोट बैंकको रूपमा प्रयोग गरिएको ऊनिहरूको बुझाई थियो । त्यहि मुद्दालाई न्यायालय सम्म लगे। सर्वोच्च अदालतले पनि राष्ट्रिय सभा संवैधानिक अधिकार बमोजिम हरेक क्लस्टरलाई समावेश गर्नु पर्छ भन्यो। समानुपातिक समावेशीको मुलमर्मलाई अवलम्बन गर्दै मुस्लिम समुदायको प्रतिनिधित्व हुने गरि सदस्यहरूको चयन हुनु पर्छ भनेर आदेश समेत दिएको थियो तर त्यो कागज सम्म मात्र समेटियो । अहिले सत्तारूढ़ दलको संघीय सरकार मन्त्री मण्डलमा मुस्लिमहरूको उपस्थिति छैन । प्रदेश न. १ , प्रदेश नं. ३ गण्डकी प्रदेश प्रदेश नं ५ जस्ता प्रादेशिक मन्त्री मण्डलमा समेत मुस्लिमलाई उपेक्षा गरिएको छ । कूटनीतिक नियोगहरूमा समेत मुस्लिम अनुहार इतिहासको पानामा फुतकिए झैं विर्लै हेर्न पाइन्छ । कर्मचारीतन्त्रमा मुस्लिमलाई आरक्षण विहीन गरिएको छ ।

नयाँ आउने सदस्यहरूमा नेपाल कम्युनिस्ट पार्टीबाट ९ जना, नेपाली कांग्रेसबाट ७ जना राजपाबाट दुई र सपाबाट १ जना गरि जम्मा १९ जनाको लगभग नयाँ अनुहार हुनेछ । राजनीतिक वृतमा मुस्लिमहरूको अहिले अनुमान तत्कालीन माओवादी केन्द्रका पोलिटब्यूरो सदस्य अतहर हुसैन फारूकीलाई केन्द्रविन्दु बनाईएको पाइन्छ। प्रदेश ५ को हकमा महिला एक अपांग एक र अल्पसंख्यक एक गरि जम्मा तीन जना सदस्यलाई नया पदावधिमा समेटिने छ । बांके निवासी अतहर हुसैन फारूकी तत्कालीन माओबादी केन्द्र निकट मुस्लिम मुक्ति मोर्चाको अध्यक्ष रही प्रचण्ड पथमा ऊनि राजनैतिक तवरमा उचित स्थान समेत नपाएकोले उनको तिर नजर केन्द्रित हुनु स्वाभाविक हो । तत्कालीन एमाले निकट मुस्लिम इत्तिहाद संगठनका अध्यक्ष सेराजी फारूकी पनि अनुमानित नाममा रहेको छन ।त्यस्तै प्रदेश ३ को हकमा नेपाली कांग्रेस बाट मोहम्मद निजामुद्दीनको पनि चर्चा हुँदैछ । निश्चित रूपमा समाजप्रति जवाफदेही रहेका व्यक्तिहरूको कार्यकाल हेर्न समुदाय ललायित हुनु सामान्य विषय हो । मैले यहाँ वकालत गरेको गन्ध आऊन सक्छ तर यथार्थ नागरिक संवादमा चर्चा यही छ । साथै यी उल्लेखित व्यक्तिहरू प्रतिस्पर्धामा पनि छन । मुस्लिमसमुदायको मानवीय विकास सूचकांकका अनुसार ४३.५६ प्रतिशत रहेको जून की नेपालको सबै भन्दा तल्लो अवस्था हो। साक्षरता दर २७.७ प्रतिशत छ । अतः समाजिक रूपमा अत्यन्त पछाडि परेको समुदायलाई राजनैतिक दृष्टिकोणले मजबूत पार्न अत्यन्त जरूरी छ । सामाजिक, शैक्षिक र आर्थिक तवरले पछाडि परेको यो समुदायको निःस्वार्थ भावनाले राजनैतिक पार्टीहरूको तबकाले अगाडि बढ़ाउनु पर्छ । नत्र भने निकट भविष्यमा ठुलो नै ख़ाल्डो खन्न जान्छ । विभेद र समानताको बिन्दु स्केलमा ९० डिग्रीको उल्टो रेखा कोर्ने छ । समृद्ध नेपाल सुखी नेपालीको यात्रामा सिंगो समाजलाई घेराबन्दी गर्नु सकारात्मक सन्देशको प्रवाह हुँदैन । संविधानले दिएको अधिकार उपभोग गर्न गराउनु लोकतांत्रिक राष्ट्रको सुन्दरता हो । राष्ट्रिय सभाको एक तिहाई सदस्यको निर्वाचनले पुनः एकचोटी समावेशी समानुपातिक विरोधिहरूको पहिचान हुनेछ । नेपाल कम्युनिस्ट पार्टी र नेपाली कांग्रेसको आन्तरिक आवरण के हो भन्ने पोशाकको प्रदर्शन गर्ने छ । मुस्लिम समुदायले संविधानले दिएको अधिकार उपभोग गर्न पाउने कि न पाउने ? भन्ने प्रश्नको जवाफ मुस्लिम भातृत्व संगठनहरूले तयार पारेर राख्नु पर्छ ।

*(लेखक समाजशास्त्र तथा पत्रकारितामा स्नातक अध्ययनरत् छन् ।)*


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुर्‍याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com





## क्यान्सर

शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।

क्यान्सर रोग चेतावनीका चिन्हहरू :

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

स्वास्थ्य कार्यालय,
काठमाडौं, टेकु


## स्थानीय सम्वाद

# चिसोबाट बचाउन घरदैलो कार्यक्रम परिचालित छ



**सनोजकुमार यादव**
**अध्यक्ष, रोहिणी गाउँपालिका, रूपन्देही**

रोहिणी गाउँपालिका रूपन्देही जिल्लाको पूर्वी दक्षिण भागमा अवस्थित छ । साबिकका ६ गाउँ विकास समितिहरू (धकधई, बगाहा, पजरकट्टी, पोखरभिण्डी, छिपागढ र बोदबार) लाई मिलाएर बनाइएको यस गाउँपालिका पूर्वीपश्चिम हुलाकी सडकअन्तर्गत भैरहवा धकधई खण्डको उत्तरदक्षिण, ८३.५४९७४२ पूर्वी देशान्तर र २७.५१२१३० उत्तर अक्षांशसम्म अवस्थित यो गाउँपालिका समून्द्र सतहदेखि करिब ९२.१ मिटरको उचाइमा छ । कुल क्षेत्रफल ६४.६२ वर्ग किलोमिटर रहेको यस गाउँपालिको पूर्वमा नवलपरासी जिल्लाको सिमाना पश्चिममा सिद्धार्थनगर नगरपालिका उत्तरमा ओमसतिया गाउँपालिका र दक्षिणमा छिमेकी राष्ट्र भारत अवस्थित छ ।

**० जनप्रतिनिधिको रूपमा निर्वाचित भएको अढाई वर्षभन्दा बढी भइसक्यो, जनताले महसुस गर्ने के कस्ता कामहरू भए ?**

– हाम्रो कार्यकाल अढाई वर्ष पुगिसकेको अवस्थामा जनताले अनुभूति गर्ने धेरै कामहरू गरेका छौं । बाटोघाटोको धेरै समस्या थियो, त्यसमा हामी सफल भएका छौं । शिक्षामा पनि धेरै सुधार भएको छ । स्वास्थ्यको क्षेत्रमा पनि उल्लेखनीय कार्य गरेका छौं । हामीले विभिन्न योजना तथा कार्यक्रमहरू पनि ल्याएका छौं । त्यसैले, जनताले अनुभूति गर्दैछन् कि स्थानीय सरकारले केही गर्दैछ ।

**० चुनौतीहरू के-के छन् ?**

– हामी निर्वाचित भएर आउँदा सबभन्दा बढी चुनौती बाटोघाटोमै थियो । हाम्रो गाउँपालिकाको सिमाना छिमेकी मित्रराष्ट्र भारतसँग टाँसिएको छ । सीमा क्षेत्रमा बाटोघाटो राम्रो व्यवस्था थिएन, त्यसमा हामीले काम गर्‍यौं । पहिला पानी पर्दा जतातते हिलो हुने, पानी जम्ने, आवतजावतमा समस्या हुन्थ्यो । अहिले हामीले बाटो बनाएका छौं । शैक्षिकस्तर पनि खस्किएको थियो । तर, हामीले चुनौतीलाई अवसरको रूपमा लिएर काम अगाडि बढिारहेका छौं ।

**० खुला सिमानाले कति सहजता वा अप्ठ्याराहरू आउँछन् ?**

– खुला सिमानाले यहाँका जनतालाई सहजता भइरहेको छ भने केही सुरक्षा चुनौती पनि छन् । खुला सिमानाकै कारण नेपाल र भारतबीच रोटीबेटीको सम्बन्ध छ । सुरक्षामा केही चुनौती देखिएपनि सहजता धेरै छन् । सीमामा रहेका सुरक्षाकर्मी, जनप्रतिनिधि र भारतका जनप्रतिनिधिहरू मिलेर सीमामा देखिएका चुनौतीहरू समाधान गर्न सधैं प्रयासरत छौं । त्यसकारणले खासै चुनौती देखिएका छैनन् ।

**० खुला सीमाका फाइदाहरू के-के छन् ?**

– खुला सिमानाले दुई देशबीचको सम्बन्ध नागरिकस्तर धेरै मजबुत बनाएको छ । बिहेबारी हुँदै आएको छ । यहाँबाट रोजगारका लागि पनि जान सहज छ । खासगरी, नेपालमा दैनिक उपभोग्यवस्तुहरू अलि महँगो छ, उतातिर अलि सस्तो छ । गरीब जनताले यसबाट लाभ लिइरहेका छन् । कृषकहरूलाई हामीले समयमा मलखाद समयमा उपलब्ध गराउन नसकिरहेको अवस्थामा उताबाट ल्याउन सहज अवस्था छ । त्यसैले, खुला सीमाका कारण खासै समस्या छैन, जनतालाई सहज नै भइरहेको छ ।

**० तपाइँहरूको काम जनता कतिको सन्तुष्ट छन् ?**

– जनता धेरै सन्तुष्ट छन् । म जनताकै बीचबाट जनताद्वारा निर्वाचित भएर आएका हुँ । हामीलाई यहाँका समस्याहरू थाहा छ, त्यहीअनुसार आफ्ना कार्यहरू गर्दैछौं । स्थानीय सरकारको अनुभूति जनताले गरेका छन् ।

**० सिंहदरबार गाउँमा आएको छ ?**

– सिंहदरबार गाउँमा मात्रै होइन, घर-घरमा पुगिसकेको छ । किनकि जनताले आफ्नो हरेक सेवासुविधा आफ्नै ठाउँमा पाइरहेका छन् । पहिला सानोभन्दा सानो कामका लागि सदरमुकाम जानुपर्ने, धेरै झन्झटिलो पनि थियो । अहिले हाम्रा वडा कार्यालयहरूबाट हरेक काम हुने गरेका छन् । जनताका समस्याहरू आफ्नै वडा कार्यालयहरूमा समाधान भएपछि अवश्य नै सिंहदरबार गाउँमा आएको महसुस गर्छन् ।

**० मधेशमा शीतलहर सुरू भइसकेको छ, यसबाट बच्न के गर्दै हुनुहुन्छ ?**

– शीतलहरबाट बच्न गाउँपालिकाले विभिन्न कार्यक्रमहरू गरेको छ । विपन्न परिवारहरूका लागि न्यानो कपडा वितरण गरिरहेका छौं । दाउराहरूको पनि व्यवस्था गर्दैछौं, अब कम्बल वितरण गर्ने कार्यक्रम पनि ल्याउँदैछौं । यसैगरी, हामीसँग चिकित्सकहरूको एउटा टोली पनि छ, जसलाई हामीले घर-घरमा पुगेर स्वास्थ्यबारे जनचेतना तथा आवश्यक औषधिहरू वितरण गर्दैछौं । हामीले जनप्रतिनिधिहरूको एउटा टोली पनि बनाएका छौं र घरदैलो कार्यक्रमअन्तर्गत परिचालन गरेका छौं । जनचेतना फैलाउने काम गरिरहेका छौं ।

**० चिसोकै कारण मानवीय क्षति हुने अवस्था आउँदैन ?**

– चिसोकै कारण मानवीय घटना हुने अवस्था अब छैन । हामी निर्वाचित भएर आएदेखि यसबाट हामी सचेत छौं । चिसोबाट बच्नका लागि हामीले कम्बल, न्यानो कपडा र दाउरा वितरण लगायतका कामहरू गरिरहेका छौं । सबभन्दा ठूलो कुरा हो हामीले घरदैलोमा गई जनचेतना फैलाउने काम गरिरहेका छौं । त्यसकारण चिसोबाट कसैको मृत्यु हुने अवस्था छैन ।

**० रोहिणी गाउँपालिकाको जनजीवन कृषिमा आधारित छ, कृषकका लागि के-कस्ता योजनाहरू ल्याउनुभएको छ ?**

– कृषकहरूका लागि सबभन्दा मुख्य कुरा चाहिने भनेको पानी हो । सिंचाइको व्यवस्था भएन भने राम्ररी उब्जनी हुनसक्दैन । त्यसैले, हामी सिंचाइको व्यवस्था मिलाएका छौं । पहिला यस गाउँपालिकामा गहुँ खेती त्यति गरिँदैनथ्यो, तर सिंचाइको सुविधा पाएपछि यहाँका कृषक गहुँखेतीप्रति आकर्षित भएका छन् । सिंचाइका लागि बोरिङ, सानो ट्युबेल पुर्‍याउन सकेका छौं । नहरबाट सिंचाइको प्रबन्ध भइसकेको छैन । हामीले संघीय र प्रदेश सरकारसँग आग्रह गरेका छौं कि ड्याम बनाउन सक्यौं भने सिंचाइको समस्या समाधान हुन्थ्यो । यस्तै, मल, बीउ, बीजनको लागि पनि पहल गरिरहेका छौं ।

**० तपाइँ आफ्नो कार्यकालभित्र रोहिणी गाउँपालिकालाई कस्तो बनाउने सोच्नुभएको छ ?**

– सबैको सहयोग रह्यो भने रोहिणी गाउँपालिकालाई नगरपालिकाभन्दा पनि राम्रो सुविधायुक्त बनाउने प्रयासमा छौं । यहाँको प्राकृतिकमय वातावरण छ । पहिला भारतसँगको छोटी भन्सार थियो, त्यो अहिले बन्द अवस्थामा छ, त्यसलाई खोल्ने प्रयासमा छौं । गाउँपालिकाको समग्र विकास र समृद्धिका लागि हामी लागिपरेका छौं ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



## विश्व परिवेश

# अन्तर्राष्ट्रिय समुदायबाट टाढिँदै पाकिस्तान

पूर्व सैनिक शासक मुसर्रफलाई एउटा प्रान्तीय अदालतले मृत्युदण्डको निर्णय गऱ्यो । त्यसो त हाल उनी युनाइटेड अरब इमिरेट्समा गम्भीर बिरामी भएर उपचार गराइरहेका छन् । कुनै बेला निर्वाचित प्रधानमन्त्री जुल्फिकर अलि भट्टोलाई सेनाले फाँसी दिएको थियो भने अहिले सिभिल अदालतको पूर्व सैनिक प्रशासकलाई मृत्युदण्ड सुनायो । यो निर्णयप्रति प्रधानमन्त्री इम्रान खाँनलाई पनि चित्त बुझेको छैन । कारण छ अहिले पनि पाकिस्तानी राजनीतिमा सेनाको पकड बलियो छ र आफ्ना पूर्व सेनापतिको मृत्युदण्डको निर्णयप्रति उसले विरोध जनाइसकेको छ । यसैले उग्ररूप लिँदै गयो भने पाकिस्तानमा फेरि पनि सैनिक शासन नहोला भन्न सकिँदैन । त्यसैले पनि इम्रान खाँनले अदालतको निर्णयप्रति आफ्नो असहमति देखाएका हुन् ।

त्यसो त पाकिस्तानमा जति पनि सैनिक शासक भए ती सबैले तानाशाही चरित्र देखाए । आयुव खाँनदेखि मुसर्रफसम्मको चरित्र एकै रह्यो । त्यसो भनेर कसैलाई मृत्युदण्ड दिहाल्ने कुरा प्रजातान्त्रिक मूल्य मान्यताभित्र पर्दैन । बल्ल बल्ल स्थायित्व लिन लाग्को निर्वाचत पद्धति र त्यसै अनुसार बनेको सरकारलाई नकरात्मक असर गर्ने खालका गतिविधि वा निर्णयले देशलाई अधोगतितर्फ लग्दछ । यसै त पाकिस्तानको अर्थतन्त्र निकै खस्किएको छ, परिणामस्वरूप विदेशबाट अझ खासगरी चीनबाट ठूलो मात्रामा ऋण लिएर आफ्नो अर्थतन्त्रलाई बलजफ्ती धानेको छ । यस्तो अवस्थामा देशभित्र एक अर्काप्रति असन्तोष पैदा गर्ने गतिविधिले अर्थतन्त्रलाई आह्वालोतिर लैजान्छ ।

पाकिस्तान अन्तर्राष्ट्रिय समुदायबाट पनि टाढा हुँदै गएको लक्ष्यण देखापरेको छ । कस्मिरबारे भारतले गरेको निर्णयमा चित्त बुझेर पाकिस्तानले तीब्र विरोध गर्दै आएको छ । आफ्नो मित्रदेशलाई मद्दत पुऱ्याउने उद्देश्यले संयुक्त राष्ट्र सुरक्षा परिषद्मा कस्मिर घट्नाको विरोधमा चीनले विरोध प्रस्ताव टेबुल गऱ्यो । भिटो अधिकार भएको एउटा मुलुकले प्रस्ताव राख्यो, त्यस्तो प्रस्तावमा भिटो अधिकार भएका पाँच-अमेरिका, रूस, बेलायत, फ्रान्स र चीन मध्य कुनै एउटाले विरोध गरे त्यस्तो प्रस्ताव अगाडि बढ्दैन । चीनले राखेको कस्मिर विषयको प्रस्तावमा ४ वटा भिटो राष्ट्रले असहमति जनाएपछि चीनले आफ्नो प्रस्ताव फिर्ता लिन बाध्य भई एक कदम पछि हटेको छ ।

यदि चीनले प्रस्तुत गरेको कास्मिरसम्बन्धी प्रस्ताव छलफलमा मात्र गएको भएपनि अन्चर्राष्ट्रिय जगतमा भारत विरोधी प्रभाव पर्न सक्दथ्यो तर चीनले छलफलमा जानुअघि नै प्रस्ताव फिर्ता लिएको परिणाम स्वरूप पाकिस्तानको पक्षमा कोही रहेनछन् भन्ने देखाएको छ । मुसर्रफ मृत्युदण्ड सम्बन्धी निर्णय होस् कि अर्थतन्त्रमा आएको गिरावट होस् कि चीनको कास्मिरसम्बन्धी प्रस्ताव फिर्ता लिने कुराले होस्-पाकिस्तानका लागि नकरात्मक परिणाम ल्याउने लक्षण देखाएको छ । त्यसैले पाकिस्तानले नयाँ सोचाइसहित आफूलाई परिमार्जन गरेन भने थप संकटको सम्भावना छ, मित्र देश संकटमा नपरोस् भन्ने नेपालको चाहना हो । जनभावनाबाट

### दोस्रो पटक पनि अमेरिकाको कालोसूचीमा

काठमाडौं । अमेरिकाले धार्मिक स्वतन्त्रताको मामिलामा पाकिस्तानलाई फेरि कालो सूचीमा राखेको छ । जुन देशमा धर्मको आधारमा भेदभाव हुन्छ, त्यो देशलाई अमेरिकाले कालोसूचीमा राख्दै आएको छ । अमेरिकाको वार्षिक सूचीमा पाकिस्तानसहित नौ देश दोस्रो पटक कालोसूचीमा परेका छन् । कालोसूचीमा परेका देशहरूलाई अमेरिकाले प्रतिबन्ध लगाउने गर्दछ । पाकिस्तानले यसप्रति कडा आपत्ति जनाएको छ । अमेरिकाले पक्षपाती रवैया अपनाएको पाकिस्तानको आरोप छ । अमेरिकी विदेशमन्त्री माइक पोम्पियोले १८ डिसेम्बर २०१९ मा सार्वजनिक गरेको सूचीमा चीन, पाकिस्तान, उत्तर कोरिया, साउदी अरब, म्यानमार, इरिट्रिया, इरान, ताजकिस्तान र तुर्कमेनिस्तानलाई दोस्रो पटक पनि परेका छन् । यी देशहरूलाई अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रता कानूनअनुसार कालो सूचीमा राखिएको हो । यसपटक सुडान भने कालो सूचीमा परेको छैन ।

# दिल्लीमा नेपाल-भारत सम्बन्धबारे छलफल



नयाँदिल्ली । भारतले कालापानी र लिम्पियाधुरालाई आफ्नो नक्सामा गाभेपछि नेपालमा यसको विरोध भइरहेका बेला नयाँदिल्लीमा त्यसबारे छलफल भएको छ । 'बदलिँदो परिप्रेक्षमा नेपाल-भारत सम्बन्धका आयामहरू' विषयमा अन्तरक्रिया आयोजना भएको छ । भारतीय पूर्वराजदूतवासहरूका साथै नेपाली राजदूत नीलाम्बर आचार्य, भारतका तर्फबाट प्राध्यापक एसडी मुनी, नेपाल-भारत प्रवुद्ध समूह (ईपीजी) का सदस्य एवं पूर्वराजदूत जयन्त प्रसाद, अर्का पूर्वराजदूत रञ्जित रे पनि सहभागी थिए । कार्यक्रममा बोल्दै प्राध्यापक एसडी मुनीले प्रधानमन्त्रीस्तरमै सीधा सम्वाद हुने आजको कूटनीतिक अभ्यासमा कुनै विषयमा विज्ञ या रिटायर्ड अधिकारीले के बोल्छ भन्ने कुरालाई सम्बन्धको आधार बनाउन नहुने बताए ।

नेपाली पक्षजस्तै भारतीय पक्षसँग पनि डकुमेन्ट हुन सक्नेतर्फ इंगित गर्दै उनले सीमा विवादलाई उग्र राष्ट्रियताको विषय बनाउन नहुने बताए । संकुचित राष्ट्रवादले कुनै देशको भलो नगरेको इतिहास कोट्याउँदै यसमा दुवै देश सचेत हुनुपर्ने र छलफलबाटै समस्याको समाधान निक्लिने मुनीले धारणा राखे । उनले कालापानीलाई उत्तेजना र मनोरञ्जनको विषय बनाउने काम राम्रो नभएको बताए ।

त्यस्तै, कांग्रेस नेता नेता वशिष्ठले भारतीय राष्ट्रिय कांग्रेसले सधैं नेपाल- भारत सम्बन्ध सुमधुर बनाउन भूमिका खेल्ने बताए । वक्ताका रूपमा बोलाइएका बीजेपी नेता स्वास्थ्य समस्या देखाउँदै कार्यक्रममा अनुपस्थित भएका थिए । कार्यक्रममा बोल्दै राजदूत नीलाम्बर आचार्यले नेपाल भारत सम्बन्ध ऐतिहासिक र पुरानो रहेको बताए । तर, ऐतिहासिक सम्बन्धलाई मात्र फोकस गरेर नपुग्ने भन्दै राजदूत आचार्यले नेपाल भारत सम्बन्धका नयाँ विकसित सम्बन्धहरूलाई पनि सम्वोधन गरेर अघि बढ्नुपर्ने बताए ।

## विदेश सचिवमा हर्षवर्धन नियुक्त

काठमाडौं । भारतको विदेश सचिवमा वरिष्ठ कूटनीतिज्ञ हर्षवर्धन शृङ्गला नियुक्त हुने भएका छन् । हाल अमेरिकाका लागि भारतीय राजदूत रहेका शृङ्गलालाई विदेश सचिव बनाउने निर्णय भारत सरकारले गरेको हो । उनले सन् २०२० को गणतन्त्र दिवस लगत्तै जिम्मेवारी सम्हाल्ने छन् । उनी सन् १९८४ को ब्याचमा सरकारी सेवा प्रवेश परीक्षाका टपर हुन् । उनले विजय गोखलेको स्थान लिने छन् । एस जयशंकरले विदेश सचिवबाट अवकास लिएपछि गोखले सन् २०१८ को जनवरीमा विदेश सचिव बनेका हुन् । नयाँ विदेश सचिव बन्ने पक्का भएका हर्षवर्धनले अमेरिकाको राजदूत बन्नुअघि थाइल्याण्डमा सोही भूमिका निर्वाह गरेका थिए । यस्तै उनी बंगलादेशका लागि भारतीय उच्चायुक्तका रूपमा पनि काम गरिसकेका व्यक्ति हुन् ।

## भारत र चीनबीच सीमासम्बन्धी सहमति

काठमाडौं । भारत र चीनबीच नयाँ दिल्लीमा सीमा सम्बन्धी उच्चस्तरीय बैठक भएको छ । बैठकमा भाग लिन चीनका स्टेट काउन्सिलर तथा विदेश मन्त्री वाङ यी नयाँ दिल्ली आएका थिए भने भारतका तर्फबाट बैठकमा नेतृत्व राष्ट्रिय सुरक्षा सल्लाहकार अजीत डोभलले नेतृत्व गरेका थिए । दुवै देशले सीमा मामिला हेर्नका लागि विशेष प्रतिनिधिस्तरको बैठक नियमित रूपमा गर्दै आएका छन् । गएको सेप्टेम्बरमा यो बैठक तय भएकोमा पछि एक्कासी स्थति भएको थियो । बैठकपछि भारतको विदेश मन्त्रालयले ९ बुँदे वक्तव्य जारी गरेको छ । जसको पहिलो नम्बरमा यो दुई देशको २२ औं चरणको बैठक भएको उल्लेख गरिएको छ । पहिलो बुँदामा दुवै पक्षबाट क-कसले नेतृत्व गरेका थिए भन्ने कुरा उल्लेख गरिएको छ ।

वक्तव्यमा जनाइएअनुसार भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र चीनका राष्ट्रपति सी जिनपिङबीच गएको अक्टोबर २०१९मा भारतको चेन्नईमा भएको दोस्रो अनौपचारिक शिखर सम्मेलनको मार्गनिर्देशन अनुसार दुई पक्षबीच नजिकको विकास साझेदारीलाई रचनात्मक बनाउने कुरामा बैठक केन्द्रित भएको र त्यसपछिका प्रगतिको बारेमा पुनरवलोकन गरिएको जनाइएको छ । दुवै देशका विशेष प्रतिनिधिहरूले सीमाको प्रश्नलाई भारत र चीनको रणनीतिक अवधारणामा केन्द्रीत रहेर दुवै देशको आधारभूत चासोलाई सम्बोधन गर्दै समाधान गर्ने कुरामा सहमति जनाएका छन् ।


**शीतलहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुनसक्छ त्यसैले:**

**१. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरूको हेरचाहमा विशेष सर्तकता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं ।**
**२. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्यचौकी वा अस्पतालमा तुरून्त उपचारको लागि जाने बानीको विकास गरौं ।**
**३. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई समेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने व्यवस्था मिलाऔं ।**
**४. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरून्तै सम्पर्क गरी औषधि उपचार गर्न लैजाऔं ।**
**५. कोठाभित्र आगो बाली तातो पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाउन नभुलौं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**


## नारा-जुलुस लगाएर सीमा विवाद समाधान हुँदैन : महतो

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका संयोजक राजेन्द्र महतोले नेपाल-भारतबीचको सीमा विवाद कुटनीतिक माध्यमबाट समाधान गरिनुपर्नेमा जोड दिएका छन् । राजधानीमा आयोजित एक कार्यक्रममा उनले भने, 'भारतसँगको सीमा विवाद जो छ, कालापानी, लिपुलेक र लिम्पियाधुराको विवाद, यो समस्या आजको होईन । ५०, ६० वर्षदेखि समस्या रहँदै आएको छ । हाम्रा सरकार यतिका वर्षसम्म कुम्भकर्णको निन्द्रामा सुत्न मिल्छ ? आँखामा पट्टी र कानमा तेल हालेर सरकार सुत्न मिल्छ ?' उनले सीमा विवादको समाधान कुटनीतिक माध्यमबाट खोजिनुपर्ने कुरा दोहोर्याउँदै सडकमा नारा लगाएर समस्याको समाधान नहुनेपनि जिकिर गरे । उनले भने,'दुतावासमा पुत्ला दहन गरेर समस्याको समाधान हुन्छ त ? यो समस्या समाधान गर्ने दायित्व सरकारभित्र पर्छ ।' उनले सरकारले आफूसँग भएको आधार र प्रमाणको आधारमा कुटनीतिक रूपमा विवाद र समस्याको समाधान गर्नुपर्ने सुझाव दिए । उनले भने,'दुई देश छिमेकी भएपछि सीमा विवाद हुनु स्वभाविक हो । तर, यी विवाद र समस्यालाई सल्ट्याउनुपर्छ । दुई देशले आधार र प्रमाणको आधारमा विवाद सल्ट्याउनुपर्छ । हाम्रो पार्टीले प्रधानमन्त्रीले डाक्नुभएको सर्वदलीयरसर्वपक्षीय बैठकमा पनि आफ्नो सल्ला र सुझाव दिएको छ । सरकार जिम्मेवार भएर प्रस्तुत हुनुपर्छ ।'

## सरकार प्रयत्नशील छ : मन्त्री भट्टराई

गोरखा । संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले नेपाल भारतबीचको सीमा विवाद समाधानका लागि वर्तमान सरकार प्रयत्नशील रहेको बताएका छन् । गोरखा नगरपालिका-४ पिपलथोकमा आयोजित एक कार्यक्रममा उनले नेपालले कसैको भूमिमाथि आँखा नलगाउने र नेपालको भूमिमाथि पनि कसैले थिचोमिचो गरेको मान्य नहुने बताए । 'हामी कसैको भूमिमाथि पनि आँखा लगाउँदैनौं, हाम्रो भूमिमाथि पनि थिचोमिचो नहोस्, हाम्रो भूमिमाथि गलत ढंगबाट आँखा नलगाइयोस्,' मन्त्री भट्टराईले भने, 'भारतले नेपालको भूमि समेटेर राजनीतिक नक्सा सार्वजनिक गरेपछि सरकारले वार्ता र संवादमार्फत विवाद समाधानका लागि प्रयत्न गरिरहेको छ ।'

## गैरकानुनी क्रियाकलापमा संलग्न १ सय २२ चिनियाँ पक्राउ

काठमाडौं । गैरकानुनी क्रियाकलापमा संलग्न रहेको आशंकामा काठमाडौं तारकेश्वर नगरपालिका-१ मनमैजु, काठमाडौं महानगरपालिका-३ महाराजगंज र बुढानिलकण्ठ नगरपालिका-३ बाट १ सय १४ जना पुरूष र ८ जना महिला गरी १ सय २२ जना चिनियाँ नागरिकहरूलाई प्रहरीले पक्राउ गरेको छ । ईन्टरपोलको ८८औं महासभा सान्टियागो चिलीमा भएको बैठकमा Head of Interpol NCB बेइजिङ, चीन र NCB काठमाडौंका प्रमुखहरूबीच ट्रान्सबोर्डर साइबर अपराध जस्ता अपराध नियन्त्रणका लागि छलफल भएअनुसार NCB बेइजिङ, चीन र NCB काठमाडौंबीच जानकारी एवं खबर आदानप्रदान भई नेपाल प्रहरीद्वारा सूचना विकास गरी साइबर अपराध लगायत अन्य गैरकानुनी क्रियाकलापमा संलग्न हुन सक्ने आशंकामा उक्त ठाउँका ९ वटा घरमा तत्काल खोजतलास गरी उनीहरूलाई पक्राउ गरिएको हो । उक्त घरहरूमा अस्वाभाविक रूपमा अत्यधिक संख्यामा ल्यापटप, मोबाइल र अन्य सामान सहित शंकास्पद अवस्थामा भेटिएका उनीहरूलाई प्रहरीले पक्राउ गर्न खोज्दा महिला प्रहरी समेतको टोली उपर सोधपुछको क्रममा दुर्व्यवहार समेत गरेपछि उनीहरूलाई पक्राउ गरिएको र उनीहरूबाट मोबाइल ७ सय ४७ थान, ल्यापटप ३ सय ३१ थान, सिपियू ९८ थान, मोनिटर ९९ थान, पेनड्राइभ २२ थान, सिमकार्ड ३ सय २७ थान र राहदानी ६७ थान बरामद भएको केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजले जनाएको छ । निजहरू अन्य अपराधमा समेत संलग्न हुन सक्ने अवस्था समेतलाई ध्यान दिई यस सम्बन्धमा थप अनुसन्धान भइरहेको उक्त ब्यूरोले जनाएको छ ।

## जिल्ला समाचार

### "सेना र नागरिकबीचको सम्बन्ध सुदृढ हुँदै"

जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले नेपाली सेनाद्वारा महोत्तरीको सोनमा गा.पा. ३ खखनामा आयोजित १० दिवसीय वृहत्त स्वास्थ्य शिविरको समापन गरेका छन् । उक्त अवसरमा मुख्यमन्त्री राउतले नेपाली सेनाले विपदका साथै स्वास्थ्य जाँचमा समेत तदारूकता देखाई यस प्रदेशका आम जनतालाई सेवा प्रदान गरेकामा नेपाली सेनाको टोलीलाई धन्यवाद दिँदै यसले सेना र नागरिक विचको सम्बन्ध थप सुदृढ हुने विश्वास व्यक्त गरे । विगतमा बारा पर्सामा आएको टोर्नाडोका पीडित परिवारको लागि घर निर्माणमा खेलेको भूमिका अविस्मरणीय रहेको उल्लेख गर्दै मुख्यमन्त्री राउतले अगामी दिनमा समेत प्रदेश २ को सरकार यस्तै सहयोग र सहकार्यको अपेक्षा राखेको बताए । महोत्तरी क्षेत्र नं. ४ का प्रतिनिधि सभा सदस्य एवं निवर्तमान स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री डा. सुरेन्द्र यादवको अध्यक्षतामा भएको उक्त समापन समारोहमा मुख्यमन्त्री राउतले शिविरमा खटिएका सेनाका डाक्टर सहितको टोली तथा स्थानीय सहयोगीहरूलाई गमछा ओढाई सम्मान समेत गरेका थिए । कार्यक्रममा प्रदेश सभा सदस्य कौशल कुमार यादव, सेनाका सहायक रथी एवं स्वास्थ्य शिविर टोलीका कमाण्डर डा. देवेन्द्र खत्री, सोनमा गापा अध्यक्ष राज कुमार यादव, समाजवादी पार्टी जिल्ला अध्यक्ष नागेन्द्र यादव सहितका व्यक्तिहरूले सम्बोधन गरेका थिए ।

### बाँकेमा जनमत पार्टीको संगठन विस्तार

नेपालगन्ज । जनमत पार्टी बाँकेले आफ्नो संगठन विस्तार गरेको छ । शनिबार जनमत पार्टी बाँकेले संगठन विस्तारसँगै क्षेत्रीय र स्थानीय निकायको इन्चार्ज समेत तोकेको हो । जनमतका नेता इरफान अहमद शेषका अनुसार आफ्नो संगठन बलियो पार्न नयाँ रणनीतिक रूपमा नेपालगन्ज उपमहानगरपालिकाको वडा नम्बर १-२३ सम्मको वडा इन्चार्ज समेत तोकेको छ । नेपालगन्ज वडा नं. १ मा गुलाम हुशेन शेष, २ मा शैलेन्द्र कर्ण, ३ मा संजय शाह, ४ मा अल्ताफ राई, ५ मा रमेश कुमाल, ६ मा मुनिम अंसारी, ७ मा अलि हुशेन अंसारी, ८ मा साबिर अलि अंसारी, ९ मा विनय पाण्डे, ११ मा अल्ताफ राई, १२ मा नाजमा बागवान, १४( मा इर्सांद राई, १५ मा रितिक चौधरी, १६ मा नौसाद अंसारी, १७ मा सुरेन्द्र बर्मा, १८ मा संजय हरिजन, १९ मा संजय हरिजन, २० मा राम प्रसाद यादव, २१ मा मुजफ्फर शेष, २२ मा आजाद शाह र २३ मा मुकिम अंसारीलाई वडा इन्चार्ज तोकिएको छ ।

### सिक्किमका मुख्यमन्त्रीलाई निम्तो

इनरूवा । नेपाल भ्रमण वर्ष २०२० को अवसरमा ताप्लेजुङमा फागुन ९ देखि १३ गतेसम्म हुने पाथीभरा म्याराथन तथा मेची पर्यटन महोत्सवको तयारी तीव्र पारिएको छ । महोत्सव मूल आयोजक समितिका संयोजक तारानाथ घिमिरेका अनुसार प्रचार प्रसार लगायत अन्य तयारी तीव्र पारिएको हो । प्रचारका कममा सिक्किम पुगेर समेत त्यहाँका मुख्यमन्त्री तथा सिक्किमका वासिन्दालाई निम्तो दिइएको छ । सिक्किममा पत्रकार सम्मेलन गरि सिक्किमवासीलाई महोत्सवमा निम्तो गरिएको जनाइएको छ । प्रदेश नम्वर १ का उद्योग वातावरण तथा पर्यटनमन्त्री जगदिश कुसियतलाई भेटेर परियोजना प्रस्ताव गरिएको संयोजक घिमिरेले बताए । महोत्सवमा म्याराथनसहित विभिन्न खेलकूद प्रतियोगिता हुने छन् । सदरमुकाम फुङलिङदेखि तीन हजार ७९४ मिटरको उचाइमा रहेको पाथीभरा मन्दिरसम्म म्याराथन दौड हुनेछ ।

### सुगर मिल सञ्चालन गर्नैपर्छ : राज्यमन्त्री

रूपेन्द्र पटेल, रौतहट । प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र यादवले बन्द रहेको रौतहटको श्रीराम सुगर मिल जसरी भएपनि सञ्चालन गर्नैपर्ने बताएका छन् । किसानको करोडौ रकम भुक्तानी गर्न बक्यौता राखेर उद्योगपति हितेश गोल्छाले विभिन्न बहाना झिकेर श्रीराम सुगर मिल यस वर्ष सञ्चालन गर्न अहिलेसम्म कुनै चासो नदेखाएको प्रति कृषि राज्य मन्त्री यादवले काडा आपत्ति जनाएका छन् । उखु उत्पादक संघ रौतहटका पुर्व अध्यक्ष जयनाथ यादवले श्रीराम सुगर मिल्स गरूडाको प्रांगनमा आयोजना गरेको किसान जनजागरण अभियान अन्तर्गत मिल्स बचाउ कार्यक्रमलाई प्रमुख अतिथिको रूपमा सम्बोधन गर्दै किसान र उद्योगी बिच रहेको समस्या समाधान गर्नका लागि गठित समितिका संयोजक समेत रहेका कृषि राज्य मन्त्री योगेन्द्र यादवले उद्योगीलाई जसरी भएपनि किसानको बक्यौता रकम भुक्तानी गर्नुपर्ने र मिल्स पनि सञ्चालन गर्नुपर्ने बताएका हुन ।

### ट्याक्टरमै उर्मिलाले जन्माइन् छोरा

मणि प्रसाद गैह्रे, कपिलवस्तु । एम्वुलेन्स नजिक नभएपछि एक गर्भवती महिला गुडिरहेको ट्याक्टरमा सुत्केरी भएकी छन् । तराइको जिल्ला तथा कच्ची सडक भए पनि सबै वडा तथा गाउँमा पुगेको सडक छ तर गाउँपालिका क्षेत्र भित्र एउटा पनि एम्वुलेन्स नहुँदा उपचारमा जनतालाई सास्ती भोग्नु परेको छ । कपिवस्तुको विजयनगर गाउँपालिका वडा ५ कटुवा गाँउकी एक महिलाले ट्याक्टरमा नै बच्चा जन्माएकी छन् । सुत्केरी व्यथा लागेपछि अस्पताल ल्याउने क्रममा उनले ट्याक्टरमा नै बच्चा जन्माएकी हुन् । शनिबार विहान विजयनगर गाउँपालिका वडा नं. ५ कटुवा गाउँकी उर्मिला कोरी सुत्केरी व्याथाले छटपटाएपछि उनको परिवारले उनलाई सुत्केरी गराउन चन्द्रौटा ल्याउँदा उनको बच्चा जन्मिएको हो ।

### घरमै पुगेर कम्बल वितरण

वीरगन्ज । शीतलहरलाई मध्यनजर गर्दै घर-घरमै पुगेर नगरप्रमुख विजय कुमार सरावगीले कमबल बाँडेका छन् । आइतबार साँझ वीरगन्ज महानगरपालिकाको सुगौली र उदयपुर घुर्मी गाउँमा पुगेर कम्बर वितरण गरेका छन् । एकल महिला, आर्थिक अवस्था कमजोर भएका दलित, जनजाति तथा मुस्लिम समुदायका व्यक्तिहरूको घरघरमै चिसोबाट जोगीन सल्लाह दिँदै कम्बल वितरण गरेका हुन् । वीरगन्जका व्यापारी एवम् समाजसेवी राम सर्राफले व्यवस्थापन गरेका लगभग ढेड सय कम्बल नगर प्रमुख सरावगीले सुगौली उदयपुर घुर्मीमा अबेर रातीसम्म बाँडेका थिए । उनले आफु जनताकै मतबाट चुनिएकोले जनताको हरेक सुख दुखमा जनताकै साथमा रहने अभिप्रायले चिसोलाई मध्यनजर गर्दै कम्बल बितरणसंगै भविष्यमा गर्न सहयोगको बारेमा जनताको घरदैलोमा पुगेको बताए । कम्बल बितरण कार्यमा उनीसँगै समाजसेवी राम सर्राफ, पार्टीका स्थानिय नेता ग्यासुदिन मिया, राजनीतिक सल्लाहकार मुकेश द्विवेदी, युवा नेता पिन्ट उपाध्याय, अनुज गुप्ता, असलम अंसारी, विद्यार्थी नेता अमरनाथ शर्मालगायत स्थानीय बुद्धिजिवि तथा समाजसेवीहरूको सहभागिता रहेको थियो ।

### सांसद शाहमाथि कुटपिटको आरोप

इमरान खान, कपिलवस्तु । नेपाली कांग्रेसका नेता तथा कपिलवस्तु क्षेत्र नं. ३ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य अभिषेक प्रताप शाहको विरूद्धमा सडक अवरूद्ध गरिएको छ । नेपाली कांअभिनेता श्यामकुमार मिश्रालाई कुटपिट गरेको भन्दै स्थानीयहरूले कारवाहीको माग गर्दै सडक अवरूद्ध गरेका छन् । गत पुष ५ गते आफ्नै घरमा बोलाएर निर्घात कुटपिट गरेको सांसद शाहमाथि आरोप लागेको छ । बुधवार मिश्रका समर्थकहरूले चन्द्रौटा-कृष्णनगर सडकखण्डमा सवारी आवतजावतमा रोक लगाएका हुन् । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को नेतृत्वमा बुधवार बिहान ८ बजेदेखि १२ बजेसम्म आमहडताल गरेको राप्रपा जिल्ला उपाध्यक्ष प्रेम शंकर शुक्लाले बताए । सांसद शाह र उनका गाडीका चालक शशिकान्त कास्यपले कोठामा थुनेर कुटेको पीडित पक्षको भनाई रहेको छ । पटक पटक सांसद शाहले मिश्रालाई फोन गरेर बोलाएको कारण मिश्रा सांसद निवास पुगेको पीडित मिश्राले बताएका छन् । मिश्राको शरीरमा गम्भीर चोटपटक भएका कारण बहादुरगंजमा रहेको शिवराज अस्पतालबाट बुटवल रिफर गरिएको थियो । मिश्रालाई सांसद शाह र उनका ड्राइभरले कुटपिट गरेको भन्ने जानकारी प्रहरीमा आएको कपिलवस्तुका प्रहरी उपरीक्षक दिपशम्शेर जबराले बताउ । घटनालाई राजनीति मोडमा लगेकोले प्रहरीलाई घटना मिलाउन दबाव परेको छ । घटनाबारे अनुसन्धान भइरहेको भन्दै दोषिलाई कारवाही गरिने प्रहरी उपरीक्षक जबराले बताए । यता सांसद शाहले भने आफ्नो ड्राइभर र मिश्रा बीच कुटपिट भएको तर आफूले नकुटेको भन्दै विज्ञप्ति जारी गरेका छन् । मिश्राले मदिरा सेवन गरेको कारण ड्राइभरसँग बिवाद भएको सांसद शामले बताए । 'मैले मिश्रा माथि हातपात तथा कुनै दुर्व्यवहार गरेको छैन, बरू श्याम मिश्राले नै मलाई अपशव्द प्रयोग गरी बेईज्जत गर्न खोजिएको हो' सांसद शाहको विज्ञप्तिमा उल्लेख छ ।

### पाँच हजार कम्बल माग

वीरगञ्ज । केही दिनदेखि बढेको चिसोसँगै देशभरीको जनजीवन प्रभावित भएको छ । त्यसमा पनि तराईका विभिन्न ठाउँमा परेको शीतलहरले त्यहाँ अत्याधिक चिसोको महसुस भएके छ । पछिल्लो केही दिन यताको बढ्दो चिसो र शीतलहरको कारण पीडित बनेका पर्सा जिल्लाका घरधुरीलाई तत्काल राहत दिन जिल्ला विपत् व्यवस्थापन समितिले पाँच हजार थान ब्लाङ्केट माग गरेको छ । चिसोबाट तत्काल राहतका लागि पीडित परिवारलाई वितरण गर्न पर्सा जिल्लामा रहेका जिल्ला विपत् व्यवस्थापन समितिले केन्द्रीय विपत् व्यवस्थापन समितिसँग तीन हजार थान र प्रदेश विपत् व्यवस्थापन समितिसँग एक हजार पाँच सय थान तथा नेपाल रेडक्रस सोसाइटी पर्सा शाखासँग पाँच सय थान ब्लाङ्केट माग गरेको हो ।

### अस्पतालमा चिकित्सक अभाव

रौतहट । गौरमा रहेको जिल्ला अस्पतालमा चिकित्सकको अभाव हुँदै आएको छ । ५० शय्याको जिल्ला अस्पतालमा दरबन्दी अनुसारको चिकित्सक नहुँदा उपचारमा समस्या हुँदै आएको छ । अस्पतालमा नौ जना विशेषज्ञ चिकित्सक एक जना मेडिकल सुपरिडेन्ट, मेडिकल अधिकृत चार जना, डेन्टल सर्जन एक जना गरी १५ जना चिकित्सकको दरबन्दी भए पनि एक जना पनि उपलब्ध छैन । अदालतमा मेडिकल सुपरिडेन्ट, स्त्रीरोग विशेषज्ञ, सर्जन, अर्थोसर्जन, जेनरल फिजिसियन, इनेस्थेसियालोजिस्ट, डेण्टल सर्जन, रेडियोलोजिस्ट, फिजियोथेरापी, पेडियाट्रिसियन, साइकोट्रिस्ट एक एक जना तथा मेडिकल अधिकृत चार जनाको दरबन्दी रहे पनि लामो समयदेखि सबै पद् रिक्त छन् ।

कला/साहित्य

कमल मण्डल

# युवाको ढुकढुकीमा बसिन् परी



सप्तरी जिल्लाको कञ्चनरूप नगरपालिका वडा नम्बर ५ मा बुवा महेन्द्र साह र आमा शिवु कुमारी साहको कोखबाट जन्मिएकी १९ वर्षीया कलाकार परी साह छोटो समयमा नै मैथिली दर्शकहरूको माझ चर्चित भएकी छन् । नृत्य र अभिनयसम्बन्धी विशेष ज्ञान काठमाडौं र दिल्ली पुगेर हासिल गरेकी छन् ।

मैथिली गीत-संगीत र सिनेमाको बजार दिन प्रतिदिन फराकिलो हुँदै गरेको अवस्थामा छोटो समयमा युवाहरूको ढुकढुकीमा बस्न सफल कलाकार परीले अभिनय गरेको पहिलो गीत तन मन जलाबे रिमझिम... लाखौं दर्शकहरू मन पराएका थिए । त्यसपछि मैथिली, भोजपुरी एल्बम र फिल्मका लागि पनि धेरै अफर आइरहेको कुरा बताउँछिन् परी ।

परीले हालसम्म तन-मन जलाबे रिमझिम, सबसे सुन्दर अपन गाम, आँहा मानु या नै मानु, अंतिम भेट क लिय, चल न गाँजा पिएबो गे लगायत करिब डेढ दर्जन गीतमा अभिनय गरिसकेकी छन् । स्टेज कार्यक्रमहरूको शिलशिलामा मिथिलाको विभिन्न ठाउँदेखि काठमाडौं र दिल्लीमा समेत आफ्नो प्रस्तुति देखाइसकेकी छन् । चाडै नै मिथिलाका चर्चित गीतकार सरोज मण्डलको एकल गीत रहेको एल्बमको गीतको छायाँकनमा व्यस्त हुने जानकारी गराएकी छन् भने आउँदो फागुनदेखि दुई महिना फिल्ममा काम गर्ने पनि जानकारी गराएकी छन् ।

# भारतद्वारा छात्रावास भवन निर्माण




काठमाडौं । भारतीय राजदूतावासका नियोग उप-प्रमुख डा. अजय कुमारले कीर्तिपुरस्थित नेपाल ए.पी.एफ.स्कुलका छात्राका लागि निर्माण गरिएको छात्रावास भवनको उद्घाटन गरेका छन् । नेपाल सशस्त्र प्रहरी बलका अतिरिक्त महानिरीक्षक रामशरण पौडेल, रमेश महर्जन, कीर्तिपुर नगरपालिकाका मेयर, सरस्वती खड्का, कीर्तिपुर नगरपालिका उपमेयर, सामुदायिक नेतृत्वकर्ताहरूको उक्त उद्घाटन समारोहमा उपस्थिति थियो । सन् २००५ मा स्थापित यस नेपाल ए.पी.एफ.स्कुल नेपाल सशस्त्र प्रहरी बलअन्तर्गत रहेको सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रद्वारा निर्माण गरिएको शैक्षिक संस्था हो । यो विद्यालय काठमाडौंको कीर्तिपुर नगरपालिका चम्पादेवी-७ मा अवस्थित छ जसमा २१ प्रतिशतभन्दा बढी छात्राहरू रहेका छन् । यो परियोजनाको कार्यान्वयन नेपाल सशस्त्र प्रहरी बलले गरेको हो । भारत सरकारको ४.०४२ करोड नेपाली रूपैंया अनुदान सहयोगमा निर्मित यस दई तल्ले नयाँ संरचनामा वार्डेनका लागि एउटा छुट्टै कक्ष, शयनकक्ष, प्रत्येक तलामा छात्राका लागि फर्निचरका साथै स्नानघर, सरसफाईको सुविधासहित ३२ वटा कोठाहरू रहेका छन् ।

## बंगलुरूमा भ्रमण वर्षको प्रवर्द्धन

काठमाडौं । भारतका लागि नेपाली राजदूत निलाम्बर आचार्यले नेपाल सरकारले मनाउन लागेको भ्रमण वर्ष अभियानमा सहभागी हुन दक्षिण भारतका सरोकारलाई आह्वान गरेका छन् । भारतको कर्नाटक राज्यको राजधानी बैंगलुरूमा आयोजित 'नेपाल भ्रमण वर्ष २०२०' कन्क्लेभ कार्यक्रममा भ्रमण वर्ष अभियानको औपचारिक घोषणा गर्दै राजदूत आचार्यले दक्षिण भारतका पर्यटकलाई नेपाल भित्र्याउन सरोकारबालासँग आग्रह गरेका हुन् । भारतस्थित नेपाली दूतावास, कर्नाटक स्थानीय सरकारका प्रतिनिधि तथा स्थानीय ट्राभल एन्ड टुर अपरेटर्स तथा प्रवासी नेपालीको सहभागितासहित दोस्रो सत्रमा सम्पन्न राउन्ड टेबल छलफल कार्यक्रममा दक्षिण भारतमा भ्रमण वर्ष प्रवर्द्धनका दृष्टिकोणमा छलफल भएको थियो। कार्यक्रममा नेपालको प्रख्यात तथा नयाँ पर्यटकीय गन्तव्यबारे जानकारी गराइएको थियो। नेपाल सरकारको नीति नियमबारे दूतावासका अधिकारीले सरोकारबालालाई जानकारी गराएका थिए ।

## पुरीद्वारा राष्ट्रपतिसँग विदाई भेट

काठमाडौं । भारतका राजदूत मञ्जिभसिंह पुरीले राष्ट्रपति विद्यादेवी भण्डारीसँग विदाई भेटघाट गरेका छन् । पुरीले राष्ट्रपति भण्डारीलाई राष्ट्रपति भवन शीतल निवासमा विदाई भेटघाट गरेका हुन् । राष्ट्रपति भण्डारीसँगको विदाई भेटमा नेपाल र भारतबीच रही आएको आपसी सम्बन्ध, हित र चासोको बारेमा कुराकानी भएको राष्ट्रपति कार्यालयले जनाएको छ ।

## प्रधानमन्त्रीसँग भेटवार्ता

काठमाडौं। नेपालका लागि भारतीय राजदूत मञ्जीभ सिंह पुरीले प्रधानमन्त्री केपी ओलीसँग बिदाइ भेट गरेका छन्। आफ्नो ३ वर्षे कार्यकाल सकिएपछि भारत फर्कने तयारीमा रहेका पुरीले प्रधानमन्त्री ओलीसँग बालुवाटारमा भेटवार्ता गरेका हुन्। आफ्नी श्रीमतीसँगै प्रधानमन्त्री ओलीलाई भेट्न पुगेका पुरीलाई ओलीले करूवा उपहार दिएका थिए। यस अघि सोमबार राजदूत पुरीले कांग्रेस सभापति शेरबहादुर देउवा निवास बूढानीलकण्ठ पुगेर कांग्रेसका शीर्ष नेताहरूसँग भेटघाट गरेका थिए। त्यस्तै नेकपाका वरिष्ठ नेता माधवकुमार नेपाल र राजपा नेताहरूसँग पनि राजदूत पुरीले बिदाइ भेटघाट गरिसकेका छन्।

आर्थिक समाचार

ज्योति गौतम

## भारतीय बजारमा १२५ सीसीको स्कूटर

काठमाडौं । भारतीय बजार पहिलोपटक भारतमै डिजाइन र उत्पादन भएको १२५ सीसीको स्कूटर सार्वजनिक भएको छ । यामाहा मोटर इन्डियाले यामाहा फ्यासिनो १२५ एफआई ल्याएको हो । १२५ सीसीको फ्यासिनो एफआईको मूल्य भारतीय बजारमा ६६ हजार चार सय ३० भारूदेखि ६९ हजार नौ सय ३० भारूसम्म तोकिएको छ । यो स्कूटर स्टार्ट-स्टप सिस्टम छ, जसमा ट्राफिक मोड पनि पाउन सकिन्छ । यसले भीडभाडमा समेत राइडिङको राम्रो अनुभव प्रदान गर्छ । यसमा हलुका फ्रेम दिइएको छ । जसको तौल ९९ केजी छ । फ्यासिनोमा जडान गरिएको नयाँ स्मार्ट मोटरले पूरानो स्कूटरको तुलनामा कम आवाज पैदा गर्छ ।

## एसयूभी टाटा नेक्सन ईभी सार्वजनिक

काठमाडौं । भारतको सवारी उत्पादक कम्पनी टाटा मोटर्सको बहुप्रतिक्षित विद्युतीय एसयूभी टाटा नेक्सन ईभी भारतमा सार्वजनिक भएको छ । कम्पनीले टाटा नेक्सन ईभी बिहीबार सार्वजनिक गरेको हो । सन् २०२० को जनवरीदेखि बजारमा उपलब्ध हुनेछ । नेक्सन ईभीको मूल्य १५ लाखदेखि १७ लाख भारू हुने अनुमान गरिएको छ । नेक्सन ईभी तीन भेरियन्टमा उपलब्ध हुनेछ । एक्सजेट प्लस, एलयूएक्स, एक्सजेट प्लस र एक्सएममा उपलब्ध छ । भारत तथा नेपाली बजारमा टाटाको नेक्सन लोकप्रिय एसयूभी हो ।

## मिड-एसयुभी सेल्टोस नेपाल भित्रियो

काठमाडौं । भारतमा बजार प्रवेश गरेको १० दिनमै सर्वाधिक बिक्री हुनेमिड-एसयुभी बन्न सफल कियाको सेल्टोस नेपाल भित्रेको छ । नेपालका लागि किया गाडीको अधिकृत वितरक कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज प्रालिले सेल्टोस नेपाल ल्याएको हो । कियाको भारतस्थित प्लान्टमा उत्पादित गाडी पहिलोपटक नेपाल भित्रेको हो । कोरियाली अटो निर्माता कियाले सन् २०१९ बाट भारतमा प्लान्ट राखेर सेल्टोस उत्पादन थालेको हो । भारत-६ इन्जिन जडित सेल्टोस कियाको ग्लोबल मोडल हो । यसले विश्वभरका मिड एसयुभी पारखीबाट उत्साहजनक प्रतिक्रिया पाएको छ । सेल्टोसकै कारण किया भारतको चौथो नम्बरको कार ब्रान्ड बन्न सफल भएको छ ।

## साङ्लो ग्रुपको साधारण सभा सम्पन्न

बुटवल । माटोसँग मिल्न सक्ने नन्ओभन झोला उत्पादन गरी वातावरणीय सौन्दर्यमा महत्वपूर्ण भूमिका खेलेको साङ्लो ग्रुप एण्ड ईण्डष्ट्रिज तिलोत्तमा-१४ रूपन्देहीले प्रथम साधारण सभा सम्पन्न गरेको छ । संस्थाको सभाहलमा भएको साधारण सभाले प्लाष्टिकले बढ्दो वातावरणिय प्रदुषणलाई मध्यनजर गर्दै उत्पादनलाई बजार विस्तारमा विशेष जोड दिने निस्कर्ष पनि निकालेको छ । संस्थाका अध्यक्ष खिमानन्द भुषालको अध्यक्षता र ज्येष्ठ सेयर सदस्य ढगप्रसाद चापागाईंको प्रमुख आतिथ्यतामा भएको साधारण सभामा स्वागत मन्तव्य राख्दै सेयर सदस्य बेद प्रसाद न्यौपानेले साङ्लो बनाएर अगाडी बढ्ने उद्देश्यले सञ्चालित उद्योगको बजार विस्तारमा सबैले आफ्नो आफ्नो ठाउँबाट सक्दो प्रयास गर्नु पर्ने बताए । न्यौपानेले वातावरणीय सौन्दर्यमा उद्योगले महत्वपूर्ण भूमिका खेलेकोमा खुशी व्यक्त गर्दै सबै सेयर सदस्यका प्रतिनिधित्वमूलक एक एक उद्योग स्थापना गर्न सक्ने गरी अगाडी बढ्नु पर्ने बताए ।

## बिइङ ह्युमनको विशेष अफर

काठमाडौं । बलिउड सुपरस्टार सलमान खानको जन्मदिनलाई लक्षित गरेर बिइङ ह्युमन क्लोथिङ नेपालले नयाँ स्किम सार्वजनिक गरेको छ । सलमानद्वारा सञ्चालित बिइङ्ग ह्युमन फाउण्डेसन मातहत सञ्चालित बिइङ्ग ह्युमन क्लोथिङले स्किम सार्वजनिक गरेको हो । स्किमअन्तर्गत बिइङ्ग ह्युमन ब्राण्डको १५ हजार बराबरको कपडा खरिद गर्नेले सलमानको जन्मदिनको अवसरमा अर्थात डिसेम्बर २७ (पुष ११ गते) का दिन सलमानको फिल्म दबंग-३ को एउटा टिकट र 'बिइङ्ग दबंग' लेखिएको टि-सर्ट उपहार पाउने छन् । बिइङ्ग ह्युमनका सञ्चालक सुदिपचन्द्र बखेलका अनुसार डिसेम्बर २७ का लागि एउटा सिनेमा हल नै बुक भइसकेको छ । त्यस दिन सलमानको जन्मदिनको अवसरमा सामुहिक रूपमा 'वर्थ डे केक' काटेर स्किम अन्तर्गतका ग्राहकलाई सिनेमा हेर्न लगिने उनले जानकारी दिए ।

# सीमा विवाद कूटनीतिक ढंगबाट समाधान गर्न जोड

काठमाडौं। राजनीतिक दलका नेता, समाजसेवी, नागरिक समाजका अगुवा तथा मानवअधिकारकर्मीले नेपाल र भारतबीचको सीमा विवाद कूटनीतिक ढंगबाट समाधान गर्नुपर्नेमा जोड दिएका छन् ।

नेपाल भारत आदिवासी जनजाति मैत्री संघले काठमाडौंमा गरेको 'नेपाल भूमि सिमाना विवाद' विषयको अन्तरक्रियामा उनीहरूले सन् १८१६ मा नेपाल र बेलायतबीच भएको सुगौली सन्धिलाई प्रस्थानविन्दु मानेर नेपाली भूमिमाथिको स्वामित्व हासिल गर्न सरकारले पहल गर्नुपर्ने बताए ।

उनीहरूको भनाइ थियो, "सरकारले नेपाली भूमि रक्षा गर्ने मामिलामा ठोस पहल गरेको छैन । यो गम्भीर बहसको विषय हो ।" कार्यक्रममा समाजावादी पार्टीकी नेत्री हिसिला यमीले भारतले नेपालको भूमि अनधिकृतरूपमा मिच्न थालेपछि सुस्ता र कालापानीको विषय चर्चाको शिखरमा रहेको बताउँदै वर्तमान दुई तिहाइको बलियो सरकारले नेपाल र भारतबीच शीर्ष तहमा वार्ता गरेर समस्याको समाधान गर्नुपर्ने सुझाव दिए ।

आयोजक संघका अध्यक्ष विनोदकुमार गुरूङले नेपालको पौने तीन करोड जनसंख्यामा एक करोड आदिवासी जनजाति रहेको र उनीहरू भारत, बेलायतजस्ता विभिन्न मुलुकमा गोरखाली सेनाका रूपमा सेवा गरिरहेको जानकारी दिँदै मातृभूमिलाई आदिवासी जनजातिले बचाउने दृढता व्यक्त गरे ।

प्रतिनिधिसभाका सदस्य चन्दा चौधरीले सरकारले नेपालको कालापानी क्षेत्रको रक्षाका लागि हालसम्म कुनै पहल नगरेको आरोप लगाउँदै जनताको पहलविना नेपाली भूभाग फिर्ता गर्न सक्ने अवस्था नरहेको बताए । मानवाधिकारकर्मी केबी रोकायाले नेपाल भारत सीमा विवाद समाधान नेपाली जनताको एकताबाट मात्र सम्भव हुने भएकाले प्रथमतः हामी आन्तरिक रूपमा बलियो हुनुपर्नेमा जोड दिए ।

## पहल आवश्यक : नेता सिटौला

भद्रपुर । नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाल भौगोलिक अखण्डता असंशोधनीय रहेको बताएका छन् । भद्रपुरमा भएको कार्यक्रममा बोल्दै नेता सिटौलाले भने, 'संविधानले भौगोलिक अखण्डता चाहेर पनि संशोधन गर्न सक्दैन । भौगोलिक अखण्डता नै राष्ट्रियताको पहिचान हो ।' 'अहिले पश्चिममा कालापानी, लिम्पियाधुरा क्षेत्रको नेपाली भूमि भारतले मिचेको विषय चर्चाको शिखरमा छ', उनले भने, 'हामीले सरकारलाई भनेका छौं । मित्र राष्ट्र भारतसँग उच्चस्तरीय राजनीतिक र कूटनीतिक पहल गरेर समाधान गरियोस् ।'

## पहिले...

पनि थिएन । तैपनि उनी सरकारमा गए ।

**राजपाले के गर्ला**

सरकारबाट समाजवादी पार्टी बाहिरिएसँगै राजपाको सिंहदरबार प्रवेशबारे चासो बढेको छ । राजनीतिक वृत्तमा अब राजपाको सिंहदरबार प्रवेश सहज र अपेक्षित भएको अड्कल काट्न थालिएको छ ।

१७ सांसद रहेको राजपा ओली सरकारमा सहभागी हुने वा नहुने बारे अहिले आधार बनिसकेको छैन । राजपाका नेताहरूले पनि तत्काल सरकारमा जाने अवस्था नरहेको प्रतिक्रिया दिएका छ्न । उनीहरूले राजपा हाललाई पर्ख र हेरको अवस्थामा रहेको बताएका छन् ।

समाजवादीसँग चुनावी तालमेल गरेको राजपा पछिल्लो समय नेकपासँग नजिकिएको छ । यी दुई दलले माघ १९ हुन लागेको राष्ट्रियसभा निर्वाचनमा प्रदेश २ मा सहकार्य गर्ने सहमति गरेका छन् ।

नेकपा र राजपाले गरेको दुई बुँदे सहमतिपत्रमा चुनावी तालमेलसँगै भविष्यमा राजनीतिक सहकार्य गर्ने उल्लेख भएकाले पनि राजपा सरकारमा जाने अड्कल काट्न थालिएको हो । राजपाका नेताहरूले अहिले भइरहेका राजनीतिक घटनालाई पार्टीले नजिकबाट नियालिरहेको बताए पनि ओली सरकारमा नजाने कुरालाई पुरै इन्कार पनि गरेका छैनन । सरकारमा जाने कि नजाने भन्नेबारेमा छलफल नभएको उनीहरूको भनाइ छ ।

बीबीसीसँगको कुरामा राजपा अध्यक्ष मण्डलका सदस्य महेन्द्र राय यादवले संविधान संशोधन र नेता कार्यकर्तामाथि लागेका मुद्दा फिर्ताको सर्त मानेको खण्डमा सरकारमा जान सकिने बताएका छन् । यादवले भने, 'संविधान संशोधन र मुद्दा फिर्ताको सर्त नमानेसम्म सरकारबारे छलफल हुन्न ।' राजपा नेताहरूका अनुसार नेकपाको सरकारसँग पानी बाराबारको अवस्था छैन र दुवै पार्टीबीच सरकारमा सहभागिताबारे सरसल्लाह हुन्छ ।

ओली नेतृत्वमा सरकार गठन भएको बेलामा राजपाले बाहिरैबाट समर्थन गरेको थियो । संविधान संशोधन र राजनीतिक मुद्दा फिर्ताको शर्त राखेर दिएको समर्थन एक वर्षपछि फिर्ता लिएको थियो । उसले सरकार विकास निर्माणका काममा असफल भएको र संविधान संशोधनको प्रक्रिया अगाडि नबढाएको तथा आफ्ना निर्वाचित सांसद रेशम चौधरीलाई जेलमुक्त नगरेको भन्दै समर्थन फिर्ता लिएको थियो । अहिले फेरि नेकपा र राजपाको सहकार्य हुने सम्भावनाको ढोका खुलेको छ ।

**राउतको भविष्य**

नेकपा र राजपाबीच भएको दुई बुँदे सम्झौता र पछि उपेन्द्र यादवको सरकारबाट बहिर्गन पछि राष्ट्रिय राजनीतिमा ठूलो तरंग ल्याएपनि त्यसको असर प्रदेश २ को सरकारमा पनि पर्ने देखिएको छ । लामो समयदेखि टाढिएर बसेका दुई दलले राष्ट्रियसभा चुनावमा तालमेल गर्न दुई बुँदे सहमति गरेपछि संघदेखि प्रदेशसम्मको सत्ता समीकरण फेरबदलसम्मको चर्चा शुरू भएको छ । सहमतिपछि प्रदेश नम्बर २ को सत्ता समीकरण नै बदलिन आँकलन गरिएको छ । किनभने हाल समाजवादी पार्टी र राजपा नेपालको संयुक्त सरकार रहेको प्रदेश २ मा गणितीयरूपमा राजपा र नेकपा मिल्दा समाजवादी नेतृत्वको सरकार ढल्न सक्छ ।

प्रदेश २ को सरकार परिवर्तनमा पनि नेकपामा दुईवटा धार हावी छ । नेकपाका अध्यक्ष प्रचण्ड समाजवादी पार्टीको पक्षमा छन् भने अर्का अध्यक्ष केपी शर्मा ओली राजपा नेपालको पक्षमा छन् । अध्यक्ष ओलीले नरूचाइरहेका उपेन्द्र यादव प्रचण्डका प्रिय पात्र हुन् । यही कारणले प्रदेश २ को सत्ता समीकरण कतातिर ढल्किन्छ भन्नेमा अझै अन्यौल नै रहेको छ ।

## मधेशलाई...

राजपा निकटका नेता कार्यकर्ताले खुशियाली मनाउनुको साटो ओलीको आगामी योजनामाथि विचार गर्नु आवश्यक देखिन्छ । त्यसको मधेशवादी दललाई नै सखाप पारेर छाड़ने मनोवृतिलाई गम्भीरतापूर्वक अवलम्बन गरी त्यस विरूद्ध एक भएर ओलीबाद षडयन्त्र विरूद्ध लड़ने समय देखिन्छ । संघीय सरकार वा संसद, प्रदेश स्तरमा नेकपासँग गठबन्धन गरी सरकारमा जान साकिएला तर संविधान संशोधन जस्तो प्रमुख मुद्दाको कुनै ठोस निचोड आउने निश्चित छैन ।

हालको अवस्थामा समाजवादीले राजपालाई जसो तसो मनाएर पार्टी एकीकरण गरी संघर्ष गर्नु आवश्यक देखिन्छ र राजपालाई पनि यो दूर दृष्टि राखी समाजवादीको विगतको गल्तीलाई नजरअंदाज गर्नु आवश्यक छ ।

समाजवादीभित्र केही महिना पूर्व विभीषनको रूपमा पार्टी एकीकरण गरी भित्रिएका बाबुराममाथि पनि पैनी नजर राख्नु आवश्यक देखिएको छ । हेक्का होस् विभीषनले गर्दा रावणको ज्यान र लंका दहन भएको थियो र सकुनी कै कारण महाभारत । यस्तो नहोस् ओली र बाबुरामको चक्रब्युहमा परी दुवै मधेशवादीको अस्तित्व समाप्त भइ हालोस् ।

# मारवाडी सेवा समितिमा वसन्त चौधरी सर्वसम्मत



काठमाडौं। मारवाडी सेवा समिति नेपालको वार्षिक साधारण सभा उद्योग वाणिज्य तथा आपूर्ति राज्यमन्त्री मोतीलाल दुगडको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ। कार्यक्रमको उद्घाटन सत्रमा अध्यक्ष श्रवण कुमार अग्रवालले उपस्थित सम्पूर्ण सदस्यहरूलाई स्वागत गर्दै मन्तव्य राखेका थिए। उपाध्यक्ष कमलेश कुमार अग्रवालले समितिको विधान २०४७ (संशोधित २०७३ सहित) को व्यवस्था बमोजिम नेपालमा स्थायी बसोवास गर्ने सम्पूर्ण आजीवन सदस्यहरूलाई मताधिकार प्राप्त भएको जानकारी गराए । प्रमुख अतिथि राज्यमन्त्री दुगडले सभालाई संबोधन गर्दै सबैलाई समेटी संस्थालाई अगाडि बढाउन आग्रह गरे । सभाबाट सर्वसम्मत अध्यक्ष पदमा नवनिर्वाचित वसन्त कुमार चौधरीलाई सामाजिक सौहार्दता कायम राख्दै समाजलाई नयाँ दिशा दिन आग्रह गर्दै उनलाई बधाई दिए। नव निर्वाचित अध्यक्ष वसन्त कुमार चौधरीले सबैलाई समेटी विधान सम्मत संस्था संचालन गर्ने बतारे। उद्घाटन सत्रमा उपस्थितहरूलाई निवर्तमान अध्यक्ष राजेन्द्र कुमार खेतानले धन्यवाद ज्ञापन गरे। साधारण सभाको बन्द सत्र संचालन गर्दै महासचिव विनोद कुमार सेठीयाले कार्यसमितिको तर्फबाट आ.ब. ०७५/०७६ को संस्थाको कार्य प्रगति प्रतिवेदन पेश गरेकोमा प्रतिवेदन माथि छलफल भई सर्वसम्मतीले पारित गरेको थियो । त्यसैगरी कोषाध्यक्ष नारायण बजाजले प्रस्तुत गरेको आ.ब. ०७५/०७६ को लेखा परीक्षण भएको वासलात माथि छलफल भई सर्वसम्मतीले पारित गरिएको थियो । उपाध्यक्ष ओम प्रकाश वंशलले सभामा उपस्थित सदस्यहरूलाई धन्यवाद ज्ञापन गरेको महासचिव विनोद कुमार सेठीयाले जनाएका छन् ।



**मिथिला दर्शन**
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**
**मोबाइल** : ९८४३१४६४८८
**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**
Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं